म.जि.प्र.का.द.नं. : १०६/०६८, वर्ष १४ अंक ३०६ मंगलबार, ३ असार २०८२ ने. सं. ११४५ तछलागा 17 June 2025 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा

साझाकुरा

www.sajhakuranews.com राष्ट्रिय दैनिक

## सुमिनालाई महालक्ष्मी विकास बैंकको ५० हजार छात्रवृत्ति

हेटौंडा, २ असार/हेटौंडा-१ स्थित अमर माध्यमिक विद्यालयकी छात्रालाई महालक्ष्मी विकास बैंकले छात्रवृत्ति वापत ५० हजार रुपैयाँ नगद प्रदान गरेको छ । सोमबार विद्यालयमै पुगेर कक्षा-८ की छात्रा सुमिना लामिछानेलाई बैंकले छात्रवृत्ति रकम हस्तान्तरण गरेको हो । सुमिनालाई लगातार ३ वर्ष बैंकले छात्रवृत्ति रकम प्रदान गर्नेछ । बैंकका संस्थापक एवम् पूर्वअध्यक्ष स्वर्गीय अशोक श्रेष्ठको स्मृतिमा स्थापना गरिएको 'स्व. अशोक श्रेष्ठ महालष्मी मेरिट छात्रवृत्ति' सुमिनालाई प्रदान गरिएको महालक्ष्मी विकास बैंकका बागमती प्रदेश (ख) प्रमुख शम्भुप्रसाद पराजुलीले जानकारी दिए । ८ कक्षामा अध्ययनरत विद्यार्थीलाई एसईई उत्तीर्ण हुने अवधिसम्म लगातार तीन वर्ष छात्रवृत्ति प्रदान गरिने उनले बताए । छात्रवृत्ति रकम हस्तान्तरणका लागि स्वर्गीय अशोक श्रेष्ठकी श्रीमती निर्मला श्रेष्ठ, महालक्ष्मी विकास बैंकको बागमती प्रदेश (ख) प्रमुख पराजुली, हेटौंडा शाखाका प्रबन्धक अनन्तराज धिताल विद्यालय पुगेका थिए । वडाध्यक्ष सविन न्यौपाने, विद्यालयकी प्रधानाध्यापक मालती पोखरेल, वि.व्य.स. अध्यक्ष जानुका गिरीको उपस्थितिमा छात्रवृत्ति रकम हस्तान्तरण गरिएको हो ।

# हेटौंडामा दैनिक करिब ४ करोड लिटर पानी वितरण

साझाकुरा संवाददाता

हेटौंडा, २ असार/ हेटौंडा खानेपानी व्यवस्थापन बोर्डले दैनिक ३ करोड ७० लाख लिटर पानी वितरण गरिरहेको छ ।

६ सय २८ किलोमिटर लामो पाइपलाइनमार्फत् दैनिक ३ करोड ७० लाख लिटर पानी उत्पादन भई २८ हजार ४ सय ६३ धारामा दैनिक सरदर ८ देखि १० घन्टा पानी वितरण भइरहेको छ । हाल बोर्डले ३९ वटा डिप ट्युबवेल, १५ वटा समवेल मार्फत उत्पादन गरिरहेको छ । १९ वडा रहेको हेटौडा उपमहानगर क्षेत्रका १६ वटा वडामा बोर्ड मार्फत् खानेपानी वितरण हुँदै आएको निमित्त कार्यकारी निर्देशक विष्णु सापकोटाले जानकारी दिएका छन् । अन्य वडामा उपभोक्ता समिति मार्फत् पानी वितरण हुने गरेको छ ।

बोर्डका अनुसार वडा नं. २, ४, ५, ६, ७, ८, ९, १० र १४ पुरै र वडा नं. १, ३, १५, १६, १७, १८ र १९ का आंशिक क्षेत्रमा बसोबास गर्ने करिब १ लाख ६५ हजार नगरबासीलाई दैनिक पानी वितरण गर्दै आएको छ ।




बोर्डले मासिक रुपमा १ करोड २० लाख रुपैयाँ पानी महशुल उठाउने गरेको छ । बोर्डले आफ्नै स्रोतबाट नगरक्षेत्रामा १५ वटा डिप ट्युबेल, मकवानपुरगढी गाउँपालिकामा ३, भीमफेदी गाउँपालिकामा २ र हेटौंडा ९ मा एकवटा गरी ६ थान साना ट्युबेल निर्माण गरेको अध्यक्ष प्रताप विष्टले जानकारी दिएका छन् ।

संघीय सरकारको खानेपानी तथा ढल व्यवस्थापन आयोजना, हेटौंडा उपमहानगर पालिका र बोर्डको सहलगानीमा करिब १५ करोडको लागतमा ओभर हेड पानी ट्याङ्की १ वटा, भुमिगत पानी ट्याङ्की ३ वटा, डिप बोरिङ ४ वटा मुख्य तथा शाखा पाइपलाइन विस्तार र विद्युतीकरणको काम गरिएको छ । संघीय सरकारको ८ करोडको लगानीमा हेटौंडा १९ मा पानी ट्याङ्की, कार्यालय भवन तथा पालेघर निर्माण, प्रमुख तथा शाखा पाइपलाइन विस्तार र विद्युतीकरणको कामअन्तर्गत अपुरो रहेका योजना सम्पन्न गर्न बोर्डबाट ३ करोड रुपैयाँ लगानी गरी योजना सम्पन्न गरिएको छ ।

बागमती प्रदेश सरकार सँगको सहकार्यमा हेटौंडा-१९ बस्तीपुरमा साना ट्युबेल निर्माण, हेटौंडा-१६ मा डिप ट्युबेल, त्रिशुलीमा ५ लाख लिटर क्षमताको भूमिगत पानी ट्याङ्की निर्माणको काम र करिब २० हजार क्लिोमिटर प्रमुख तथा शाखा पाइपलाइन विस्तार गरिएको छ । हालसम्म बोर्डमा हेटौंडाको वडा नं. ३, ६, ७, १४, १५, १६, १७, १८ र १९ मा १६ वटा खानेपानी उपभोक्ता समितिबाट खानेपानीको पूर्वाधार सहित ९ हजार ५ सय धारा हस्तान्तरण गरिएको छ ।

त्यसैगरी हेटौंडामा २० करोड रुपैयाँ भन्दा बढीको लगानीमा खानेपानी योजना निर्माण हुने भएको छ । हेटौंडा उपमहानगरपालिका र संघीय सरकारको सहलगानीमा खानेपानी योजना निर्माण हुन लागेको हो । उपमहानगरको ९, १४ र १५ नम्बर वडालक्षित गर्दै सिमलटार-रातोमाटे सहलगानी खानेपानी योजना अन्तरगत ठुलो लगानीको काम हुने भएको छ । २० करोड ५६ लाखको लगानीमा हेटौंडा-९ को बेतखोल्सीमा ६ लाख लिटर, हेटौंडा-१५ पिसपार्कमा २ लाख लिटर र हेटौंडा-१४ मा २ लाख लिटरको खानेपानी टंकी निर्माण गरिने छ भने हेटौंडा-१४ मै २ वटा सामवेल बनाउने सम्झौतामा उल्लेख छ ।

# बागमती प्रदेशमा इम्बोस्ड नम्बर अनिवार्य




साझाकुरा संवाददाता

हेटौंडा, २ असार/ बागमती प्रदेशमा दर्ता भएका सबै सवारी साधनमा इम्बोस्ड नम्बर प्लेट अनिवार्य जडान गर्नुपर्ने भएको छ ।

प्रदेश सरकारले आइतबार ल्याएको आगामी आर्थिक वर्ष २०८२/८३ को बजेटमार्फत यस्तो घोषणा गरेको हो । 'सवारी साधनको पहिचान र सुरक्षा सुनिश्चित गर्न सबै सवारीसाधनमा इम्बोस्ड नम्बर प्लेट अनिवार्य गरिनेछ,' बजेट वक्तव्यमा आर्थिक मामिला तथा योजनामन्त्री कुन्दनराज काफ्लेले भनेका छन् । हाल प्रदेशमा दर्ता हुने नयाँ र नामसारी हुने सवारीसाधनमा मात्रै इम्बोस्ड नम्बर जडान अनिवार्य थियो । अब सबै सवारीमा महँगो मूल्य तिरेर विदेशी एजेन्ट पोष्ने इम्बोस्ड नम्बर प्लेट राख्नुपर्ने भएको छ ।

सरकारले बजेटमार्फत सबै सवारीमा इम्बोस्ड जडान अनिवार्य भनेपनि कार्यान्वयन हुनेमा भने शंका छ । यसअघि पनि पटकपटक यस्तो घोषणा भएपनि पूर्ण कार्यान्वयनमा आउन भने सकेको छैन । झट्ट हेर्दा बिहार प्रदेशको सवारीसाधन जस्तो देखिने इम्बोस्ड नम्बर प्लेट जडान गर्न एउटा मोटरसाइकलले कम्तिमा २५ सय रुपैयाँ तिर्नुपर्छ । नेपाली सवारी साधनको आफ्नै मौलिकता हराउने गरी विदेशी एजेन्ट मोटाउनेगरी इम्बोस्ड नम्बर प्लेट जोड्न प्रदेश सरकारले नागरिकलाई बाध्य बनाउने भएको छ ।

संघीय सरकारले २०७४ देखि इम्बोस्ड जडान सुरु गरेकोमा हालसम्म देशभरका ७१ हजार सवारी साधनमा मात्रै जडान भएको छ । जसमा बागमती प्रदेशका ५८ हजार ४१५ सवारीमा मात्रै इम्बोस्ड जडान भएको छ । बागमती प्रदेशमा २० लाख बढी सवारीसाधन रहेका छन् । यातायात व्यवस्था विभागले सवारीसाधन अनुसार इम्बोस्ड नम्बर प्लेटको शुल्क तोकेको छ । दुईपाँग्रे सवारीसाधनका लागि २ हजार ५००, तीनपाँग्रेका लागि २ हजार ९०० र चारपाँग्रे साना तथा मझौला सवारीका लागि ३ हजार २०० र ठूला सवारीका लागि ३ हजार ६०० रुपैयाँ तोकिएको छ ।

# चारवटा तालिम समापन



साझाकुरा संवाददाता

हेटौंडा, २ असार/उद्योग तथा वाणिज्य कार्यालय, बागमती प्रदेश सिटीइभिटी र हेटौंडा उपमहानगरपालिकाको सहयोगमा भएको सम्पूर्ण तालिम सम्पन्न भएको छ ।

सोमबार बागमती प्रदेश सभा सदस्य एवम् पूर्वमन्त्री एकालाल श्रेष्ठको प्रमुख आतिथ्यतामा कार्यक्रममा समापन गरिएको हो । तालिममा सहभागीलाई प्रमाणपत्र वितरण गरिएको थियो । उद्योग तथा वाणिज्य कार्यालयको आर्थिक सहयोगमा हेटौंडा गार्मेन्ट उद्यमी समूह, सूर्यमणि प्राविधिक शिक्षालय र हाम्रो प्रशिक्षण सेवा तालिम केन्द्रको आयोजनामा ३० दिने विशेष सिलाइ (एड्भान्स बुटिक), ढाका कपडा बुनाइ र औद्योगिक विद्युत् जडान तालिम प्रदान गरिएको थियो ।

त्यसैगरी बागमती प्रदेश सिटीइभिटीको सहयोगमा सूर्यमणि प्राविधिक शिक्षालयको आयोजनामा सहायक ब्युटिसियन सम्बन्धी तालिम र हाम्रो प्रशिक्षण सेवा तालिम केन्द्र एवम् सूर्यमणि प्राविधिक शिक्षालयको आयोजनामा बारिष्टा सम्बन्धी तालिम प्रदान गरिएको थियो । प्रत्येक तालिममा २०-२० जना प्रशिक्षार्थी सहभागी भएका थिए ।

सुमित्रा मुडभरीले ब्युटिपार्लर, दधिराम पौडेलले विद्युत जडान, पुष्पा विश्वकर्माले बुटिक र सीता मगरले ढाका सम्बन्धी प्रशिक्षण दिएका थिए । समापन कार्यक्रम हेटौंडा गार्मेन्ट उद्यमी समूहकी अध्यक्ष मेनका श्रेष्ठको अध्यक्षतामा सम्पन्न भएको हो ।

# दिलभूषण पाठकलाई पक्राउ नगर्न उच्चअदालतको आदेश

साझाकुरा संवाददाता

हेटौंडा, २ असार/ उच्चअदालत पाटनले पत्रकार दिलभूषण पाठकलाई धरपकड नगर्न आदेश दिएको छ । न्यायाधीश ऋषि भण्डारीको एकल इजलाशले सोमबार पाठकको निषेधाज्ञा निवेदनमाथि सुनुवाइ गर्दै अल्पकालीन अन्तरिम आदेश जारी गरेको हो ।

'पाठकको निषेधाज्ञा निवेदनमाथि अल्पकालीन अन्तरिम आदेश जारी भएको छ । 'कानुनबमोजिम गर्नू, धरपकड नगर्नू/नगराउनू भन्ने आदेश भएको छ । साथै असार ५ गते दुवै पक्षलाई छलफलका लागि बोलाइएको छ,' उच्चअदालत पाटनकी सूचना अधिकारी पार्वती हितानले भनिन् । प्रहरीको साइबर ब्युरोले जिल्ला अदालत काठमाडौंबाट पक्राउ पुर्जी लिएपछि पत्रकार पाठकले उच्चअदालत पाटनमा निषेधाज्ञा निवेदन दिएका थिए ।

जयवीरसिंह देउवाले दिएको उजुरीका आधारमा नेपाल प्रहरीको साइबर ब्युरोले पाठक विरुद्ध मंगलबार पक्राउ पुर्जी जारी गरेको हो ।

जयवीरसिंह कांग्रेस सभापति शेरबहादुर देउवा र परराष्ट्रमन्त्री आरजु राणा देउवाका छोरा हुन् । पत्रकार पाठकले आफ्नो कार्यक्रम 'टफ टक' मार्फत् हिल्टन होटलको सेयर खरिदबिक्रीका विषयमा जयवीर सिंहको संलग्नताबारे 'हिल्टनमा जयवीरसिंह देउवाको पैसा' शीर्षकमा भिडियो सामग्री प्रस्तुत गरेका थिए ।






साझाकुरा

## हाम्रो कुरा

# अधुरै हेटौंडा-सिन्धुली खण्ड

हाम्रो समाजमा देखिएको चरम बेथितिको प्रभाव राज्यको महत्वपूर्ण आयोजनाहरुमा परिरहेको छ । उदाहरणका लागि फास्टट्र्याकको खोकना बिवाद, मेलम्चीको बिवाद, पूर्वपश्चिम रेलमार्गको बिवाद, धरान-चतरा-हेटौंडा खण्डको बिवादलाई लिन सकिन्छ । नागरिकले पनि आफ्नो एक ईन्च जग्गा छोड्न नचाहने, सरकारी कर्मचारी झमेलामा पर्नै नचाहने, सरकारले नागरिकको मर्का बुझ्नै नचाहने अवस्था सृजना भएको छ । यस्तै कारणले हेटौंडा बजारक्षेत्रमा २५ मिटर सडक बिस्तारको काम अगाडि बढ्न सकेको छैन । सरकारको नेतृत्वमा बस्नेहरु इमान्दार भएको खण्डमा कर्मचारीले काम नगर्ने अवस्था आउँदैनथ्यो होला । कर्मचारीले इमान्दारिता देखाएको खण्डमा नागरिकले अटेरी गर्दैनथे होला । मदन भण्डारी राजमार्गअन्तर्गत हेटौंडा-सिन्धुली खण्डको करिब डेढ किलोमिटर सडक अझै निर्माण हुन सकेको छैन । १२० किलोमिटर लामो यो खण्ड दुई वर्षदेखि सञ्चालनमा आएपनि केही स्थानमा स्थानीयको अवरोध र पछिल्लो समय बजेट अभावका कारण सडक निर्माण अधुरो रहेको हो ।

सिन्धुलीतर्फको ८५ र हेटौंडातर्फको ३५ किलोमिटर सडकमध्ये अधिकांश कालोपत्रे भएपनि कमलामाई नगरपालिका-६ र ४ नम्बर वडाका चार स्थानमा अझै सडक बनेको छैन । सुरुमा मुआब्जा र सडक मापदण्डका विषयमा स्थानीयको असहमति थियो । अहिले सहमति बनेपनि काम अघि बढ्न सकेको छैन । कमलामाई नगरपालिका प्रमुख उपेन्द्रकुमार पोखरेलका अनुसार नालाबाहेक ११ मिटर सडक बनाउने सहमति पछि अधिकांश स्थानमा निर्माण सम्पन्न भएपनि विवादितक्षेत्र छाडेर निर्माण कम्पनीले काम सम्पन्न गरिसकेको छ । ती खण्ड सडक विभागलाई हस्तान्तरण भइसकेपछि छुटेका भागका लागि पुन: बजेट माग गर्नुपरेको हो । डिभिजन सडक कार्यालय हेटौंडाका अनुसार अधुरो सडक निर्माणका लागि चालु आर्थिक वर्षमा माग गरिएको बजेट नपरेको र अब आगामी वर्षका लागि प्रक्रिया थालिएको छ । विवादका कारण कमलामाई-६ को धुरानसिरान, वडा नम्बर ४ को ढकालगाउँ, साङबाले, खट्टार, मरिण र हरिहरपुरगढीमा करिब डेढ किलोमिटर सडक निर्माण हुन सकेको छैन । ग्वाङ्खोलामा २०६५ सालमा निर्माण गरिएको पुल नै अहिलेसम्म सञ्चालनमा छ । जुन जीर्ण भएकाले एकतर्फी मात्र सवारीसाधन चलाइएको छ । छुटेका खण्डमा काम गर्न बजेट माग गरिएकोमा यो वर्ष नपरेको र आगामी वर्षमा फेरि सडक विभागमा स्वीकृति माग्ने तयारी भएको डिभिजन सडक कार्यालयले बताएको छ । पुल निर्माण गर्ने कार्यक्रम छैन, छुटेको सडक निर्माणका लागि स्वीकृति माग गरिएको हो । आगामी आर्थिक वर्षमा हुन्छ भन्ने आशा भने जीबितै छ । सिन्धुलीबाट हेटौंडासम्म कतै बस्ती त कतै जंगल हुँदै यो राजमार्ग निर्माण गरिएको छ ।

जंगलभित्र बनेको सडकमा भिडियो, फोटो खिच्नेको भीड लाग्ने गरेको छ । यो सडकले सबैको ध्यान खिच्ने गरेको छ । आयोजनाको सुरु लागत अनुमान ७५ अर्ब रुपैयाँ थियो । यसको दूरी १ हजार ३ सय ९० किमि छ । योमध्ये ७ सय ४० किमि मात्र निर्देशनालयको कार्यक्षेत्रभित्र पर्छ । बाँकी ६ सय ५० किमि सडक विभागअन्तर्गतकै अन्य आयोजनाले हेरिरहेका छन् । निर्माण थालेको ७ वर्षमा प्रगति भने ५१ प्रतिशत मात्र भएको बताइएको छ । सडक निर्माणमा पर्ने रुख कटान र बजेट अभाव मुख्य समस्या रहेको मदन भण्डारी राजमार्ग आयोजना निर्देशनालयले जनाएको छ । ७ सय ४० किमिमा ३ सय ६५ किमि सडक कालोपत्र भएको छ । आयोजना सुरु भएयता ३८ अर्ब खर्च भइसकेको छ । बजेट अभावमा सोचेअनुरुप काम गर्न सकिएको छैन । आयोजना सुरु गर्दैगर्दा आर्थिक वर्ष २०८१/८२ मा सक्ने भनिएको थियो । यो समयभित्र काम नसकिने भएपछि २०८४/८५ सम्मका लागि समय थपको प्रस्ताव गरिएको निर्देशनालयले जनाएको छ । समग्र राजमार्गमा १ सय ८५ वटा पुल निर्माण गर्नुपर्नेछ । अहिलेसम्म १ सय ४४ वटा पुलको निर्माण सकिएको छ । ६ अर्ब बजेट माग गरिएकामा २ अर्ब ५१ करोड रुपैयाँ मात्र विनियोजन भएको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

साझाकुरा

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८२ असार ३ गते मंगलबार १७ जुन २०२५ । षष्ठी, असाढ कृष्णपक्ष । तछलागा ११४५ ने.सं. । सूर्योदय ५:१०, सूर्यास्त ७:०० । विश्व खडेरी रोकथाम दिवस

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : दिन राम्रोसँग बित्नेछ | तुला | : सहयोगी हातहरु बढ्नेछ |
| वृष | : चोट लाग्ने सम्भावना देखिन्छ | वृश्चिक | : व्यापारमा लाभ हुनेछ |
| मिथुन | : चिन्ता, भय र आशंका बढ्नेछ | धनु | : परीक्षामा सफलता मिल्नेछ |
| कर्कट | : सन्तोष र प्रतिष्ठा मिल्नेछ | मकर | : पढाइमा रुचि बढ्नेछ |
| सिंह | : काममा प्रगति हुनेछ | कुम्भ | : रिसलाई नियन्त्रण गर्नुपर्नेछ |
| कन्या | : भाग्योदयको योग छ | मीन | : शुभ समाचार मिल्नेछ |

# उपभोक्ता अदालत र उपभोक्ता अधिकारको सवाल



पुष्करराज प्रसाई

नेपालको संविधानको धारा ४४को उपधारा (१)ले प्रत्येक उपभोक्तालाई गुणस्तरीय वस्तु र सेवा प्राप्त गर्ने हक हुनेछ भन्ने व्यवस्था गरेको छ । उपधारा (२)मा गुणस्तरीय वस्तु-सेवाबाट क्षति पुगेको व्यक्तिलाई कानुनबमोजिम क्षतिपूर्ति पाउने हक हुने भनिएको छ । सो संवैधानिक व्यवस्थाको कार्यान्वयनको लागि २०७५ मा उपभोक्ता संरक्षण ऐन, नियम पनि आइसकेको छ । उक्त ऐनले उपभोक्तालाई न्याय दिलाउनको लागि उपभोक्ता अदालत गठनको परिकल्पना गरेको थियो । सोही अनुरुप संविधान बनेको १० वर्ष र ऐन बनेको ६ वर्षपछि उपभोक्ता अदालत गठन भएको छ । सो अदालतले आफ्नो कार्यारम्भ पनि गरिसकेको अवस्था छ । कार्यारम्भ गरेको पहिलो दिनमा नै तीनवटा मुद्दा दर्ता गरी न्यायिक प्रक्रिया अगाडि बढाइसकेको छ । यस अवस्थाले उपभोक्ताहरु ठगिइरहेका र न्यायको खोजीमा बसिरहेका रहेछन् भन्ने सन्देश दिएको छ ।

नेपालको सन्दर्भमा उपभोक्ता हित संरक्षण गर्न बनेको संवैधानिक र कानुनी व्यवस्था पहिलो कदम हो भने, अदालतको स्थापना दोस्रो कदम हो । यसरी उपभोक्ता अधिकार संरक्षण गर्ने हेतु गठन भएको सो सम्मानित विशिष्ट अदालत लोकतन्त्रको अर्को एउटा सुन्दर पक्ष हो । हाम्रो समाजमा नुनदेखि सुनसम्मै उपभोक्ताहरु ठगिन्छन् भनिन्छ । तसर्थ कानुनी राज्यको प्रत्यभूतिको लागि पनि उपभोक्ता हित संरक्षण अत्यावश्यक थियो । उपभोक्ता हित र संरक्षणसम्बन्धी अवधारणा मानिसको जीवन र वैयक्तिक स्वतन्त्रतासँग अभिन्न छ । यसको इतिहास मानव सभ्यता जत्तिकै लामो छ । उपभोक्ता भन्नाले सामान्य अर्थमा वस्तु वा सेवाको उपभोगकर्तालाई बुझिन्छ ।

उपभोक्तावादी आन्दोलनका पिता मानिएका राल्फनडारले उपभोक्ता शब्दलाई नागरिककै समकक्षको रुपमा प्रयोग गरेका छन् । उपभोक्ताको संरक्षण गर्नु भनेको नागरिकको आधारभूत अधिकारको संरक्षण गर्नु हो भन्ने उनको धारणा रहेको छ । अहिले अन्तर्राष्ट्रिय जगत्मा राष्ट्रिय सुरक्षा जत्तिकै संवेदनशील क्षेत्रको रुपमा उपभोक्ता हित र संरक्षणलाई मानिएको छ । यसै कारण उपभोक्ता अधिकारलाई व्यापक बनाई राष्ट्रिय स्तरमा नीति र कानुन बनाउन सदस्य राष्ट्रलाई अभिप्रेरित गरी उपभोक्तावादी आन्दोलनलाई सशक्त पार्ने उद्देश्यले संयुक्त राष्ट्र संघले अप्रिल ९, १९८५ मा निर्देशिका जारी गरेको थियो । जसमा 'सुरक्षाको अधिकार, आधारभूत आवश्यकताको अधिकार, छनोटको अधिकार, सूचनाको अधिकार, प्रतिनिधित्वको अधिकार, उपचारको अधिकार, उपभोक्ता शिक्षाको अधिकार र स्वच्छ वातावरणको अधिकारसहित अधिकारका नौवटा बुँदा समावेश गरिएको थियो । त्यसरी संयुक्त राष्ट्र संघले प्रत्येक सदस्य राष्ट्रलाई राष्ट्रिय स्तरमा आवश्यक कानुन निर्माण गरी माथिका बुँदाहरुलाई उपभोक्ताको कानुनी अधिकारको रुपमा रुपान्तरण गर्नुपर्ने गरी दायित्व सुम्पेको अवस्था छ ।

वर्तमान संविधानको मौलिक हकअन्तर्गत वैयक्तिक स्वतन्त्रताको हकभित्र पेसा, रोजगार, उद्योग र व्यापार गर्ने स्वतन्त्रता उपभोग गर्दा सर्वसाधरण जनताको सार्वजनिक स्वास्थ्य र नैतिकताको ख्याल गर्नुपर्ने गरी सम्प्रेषण गरिराखेको देखिन्छ । यस आधारमा पेसा, रोजगार, उद्योग र व्यापार सञ्चालन गर्ने नाममा उपभोक्ताको हितलाई बेवास्ता गरी अनुचित शोषण गर्नु संविधानविरुद्ध हुने देखिन्छ । तर यसलाई बल पुऱ्याउन प्रतिस्पर्धा कानुन अझै बनेको छैन । विश्वव्यापार संगठनको सदस्यता लिएपछि अब राज्यले तत्काल निर्माण गर्नै पर्ने प्रतिस्पर्धा कानुन निर्माणतर्फ ध्यान दिनु जरुरी देखिन्छ । अहिलेसम्म बनिसकेका उपभोक्ता हित ऐन, नियमहरुले उपभोक्ताहरुको आधारभूत अधिकारहरुको प्रत्याभूति र उपभोक्तावादसँग सम्बन्धित आधारभूत सिद्धान्तहरुलाई समेत समेटेको देखिन्छ । यी ऐन, नियमावलीहरुले विभिन्न निकाय तथा अधिकारीहरुलाई ऐन कार्यान्वयनको जिम्मेवारी सुम्पिएको छ । जसअनुसार नेपाल सरकारले केन्द्रमा एउटा केन्द्रीय अनुगमन समिति र जिल्लामा जिल्ला अनुगमन समितिको गठन गर्ने व्यवस्थासमेत गरेको छ । साथै बजार आपूर्ति व्यवस्थालाई प्रभावकारी बनाई अनुगमन गर्न, निरीक्षण अधिकृतको रुपमा काम गर्न कुनै अधिकृत कर्मचारी तोक्न सक्नेसमेत व्यवस्था गरिएको पाइन्छ । अहिले भएको उपभोक्ता अदालतको गठनले कालोबजारी र महँगीसम्बन्धी मुद्दाको निरुपण गर्ने आशा गरिएको छ । विक्रेताले उपभोक्तालाई झुक्याएर न्यून गुणस्तरको वस्तु बिक्री गरेमा र कुनै वस्तुको उपभोगका कारण स्वास्थ्यमा प्रतिकूल असर परेमा त्यससम्बन्धी मुद्दा यो अदालतको क्षेत्राधिकारभित्र पर्ने जनाइएको छ । त्यसै गरी उपभोक्तालाई कानुनबमोजिम क्षतिपूर्ति भराउने अधिकार पनि यो अदालतलाई हुने उल्लेख छ ।

वर्तमान अवस्थामा हाम्रा उपभोक्ताले कुनै न कुनै रुपले वस्तु तथा सेवा खरिद गर्दा मूल्य, गुणस्तर, स्वच्छता, उपलब्धता, वैधता मिति, मिसावट आदिमा गुनासो गरिरहेको सुनिन्छ । विक्रेताहरुले मूल्य-सूची नै नराखी वस्तु तथा सेवामा अंकित मूल्यभन्दा बढी लिएका, एउटा वस्तु भनेर अर्कै कमसल वस्तु बिक्री गरेका, विषादीयुक्त फलफूल तथा तरकारीजन्य वस्तुहरुको बिक्री-वितरण गरेकाजस्ता घटना छ्यापछ्याप्ती देखिन थालेका छन् । कहिले भोजभतेरमा खाना खाएका सबै बिरामी भएका समाचारहरु प्रकाशित भइराखेका छन् । कहिले म्याद गुज्रेका औषधि सेवनबाट मृत्यु भएका खबर पनि आइरहेका हुन्छन् ।

यसरी अनगिन्तीरुपमा उपभोक्ताहरु ठगिन बाध्य थिए र छन् । यसअगाडि उपभोक्ता अदालत गठन नभएकोले ठगी मुद्दाको रुपमा जिल्ला अदालतमा पर्ने गरेको तर त्याहाँ धेरै थरीका अरु मुद्दा हुने कारण समयमा न्याय नपाएको अवस्था थियो । यो अवस्थाको अन्त्यको लागि व्यवस्थापिका संसद्को उद्योग वाणिज्य तथा उपभोक्ता हितसम्बन्धी समितिले आवाज उठाएको र गठनको लागि निर्देशनसमेत दिएको थियो । उपभोक्ता हित संरक्षण मञ्चले सर्वोच्चमा रिटसमेत दायर गरेको थियो । सो रिटअनुसार आठवटै प्रदेशमा उपभोक्ता अदालत गठन गर्न सरकारका नाममा निर्देशनात्मक आदेश जारी भएको थियो । यसरी उपभोक्ता अदालत गठनका विषयमा लामो समयदेखि बहस चले पनि यसले अहिले मात्र मूर्तरुप पाएबाट अब न्यायको आशा पलाएको छ । अब यस सम्मानित अदालतले उपभोक्ताको क्षतिपूर्ति, उपभोक्ताविरुद्धको कसुर र अन्य वस्तु तथा सेवासँग जोडिएका मुद्दा र एकाधिकार, सिन्डिकेट, कार्टेलिङ, आवश्यकता भन्दा बढी जम्मा गर्ने, विद्युत्, खानेपानी, टेलिफोन, सूचना प्रविधि, स्वास्थ्य, शिक्षा तथा परामर्श, यातायात, ढल निकास, बैंकिङ वा त्यस्तै प्रकृतिका अन्य सेवा कानुनी, चिकित्सा र इन्जिनियरिङका क्षेत्रमा उपभोक्तामाथि ठगी गर्नेलाई जवाफदेही बनाउनेछ । यस्ता ठगी गर्नेहरुका साथै व्यापारीले कमसल वस्तु बिक्री गर्ने, झुक्याएर न्यून स्तरको वस्तुलाई उच्च स्तरको भनी बिक्री गर्ने, कुनै वस्तुको उपभोग गर्दा स्वास्थ्यमा प्रतिकूल असर पर्ने, मूल्यमा मनोमानी गर्नेमाथि अदालतले छानबिन गरी अनियमितता गर्नेलाई क्षतिपूर्ति भराउने व्यवस्थाअन्तर्गत विशेष गरी ३ लाख रुपियाँभन्दा धेरै जरिबाना र एक वर्षभन्दा बढी कैद सजाय तोक्नुपर्ने खालका मुद्दा यो अदालतले हेर्ने कानुनी व्यवस्था रहेको छ ।

यी यावत् उपभोक्तासँग सम्बन्धित स्थापित अधिकारहरुको रक्षा गर्दै ठगिने क्रम घटाउन र गैरकानुनी काम गर्नेलाई कारबाहीको दायरामा ल्याउनको लागि उपभोक्ता अदालतको भूमिका महत्वपूर्ण हुने देखिन्छ । स्वच्छ र सक्षम न्यायिक निकायबाट सुनुवाइको अधिकार उपभोक्ताको आधारभूत अधिकार हो । उपभोक्ता अदालतको गठनले संवैधानिक अधिकारको रक्षा हुने अपेक्षा गरिएको छ । यद्यपि हालसम्म उपभोक्ता अदालतसम्बन्धी अभ्यास त्यति नभएकोले यसको कार्यान्वयन त्यति सहज नहुने हो कि भन्ने आशङ्का पनि गरिएको पाइन्छ । यसको निराकरणका लागि अन्य मुलुकहरुमा भइरहेका अभ्यासहरुको विस्तृत अध्ययन गरी अगाडि बढ्नुपर्ने आवश्यकता देखिन्छ ।

विगतमा झेल्दै आएको झन्झटिलो र खर्चिलो अदालती प्रक्रिया, मुद्दा फर्स्योटमा ढिलाइ, निष्पक्ष फैसला हुनेमा आशंकाजस्ता क्रियाकलापले अदालतप्रतिको विश्वसनीयतामा कमी आई निरास बनाएको भए पनि सुधारको आशा गर्न सकिन्छ । चियापसलेदेखि पाँचतारे होटेलसम्मका, खुद्रा किराना पसलदेखि ठूला सवारीसाधन सम्मका, भौतिक उपस्थितिदेखि डिजिटलरुपमा हुने किनबेचसम्मका सबै उजुरीहरुलाई एकै किसिमले हेर्न मिल्ने अवस्था त पक्कै नहोला । त्यस्तो अवस्थामा मुद्दाको प्रकृतिअनुसार छिटो एवं छरितोरुपले न्याय सम्पादन हुने नै छ । अहिले शुरुवाती चरणमा काठमाडौं उपत्यकाका तीन जिल्लामा मात्र स्थापना गरिएको उपभोक्ता अदालतको विस्तार गर्दै मुलुकका हरेक क्षेत्र समेट्नुपर्ने आवश्यकता छ । यसो हुन सक्यो भने बजारमा मौलाउँदै गएको बेथिति, ठगी प्रवृत्ति, महँगी रोकिई उपभोक्ताको अधिकार संरक्षण हुने आशा गर्न सकिन्छ । यसको लागि उपभोक्ता स्वयं पनि जागरुक हुनु आवश्यक छ । अनि मात्र उपभोक्ता अदालतको औचित्य पनि पुष्टि हुन्छ ।

*(साभार: न्यूज अफ नेपाल)*

# विप्रेषणमा टिकेको नेपालको अर्थतन्त्र

डा. उदय रानामगर

विश्वव्यापीकरणपछि विश्वमा आप्रवासन एक तातो मुद्दा बनेको छ । विश्व आप्रवासन सङ्गठन (आइओएम)को अनुमानअनुसार सन् २०२० मा विश्वमा करिब २८ करोड १० लाख अन्तर्राष्ट्रिय आप्रवासी छन्, जुन विश्वको जनसंख्याको ३.६ प्रतिशत हो । विश्वव्यापीकरणसँगै विश्वको जनसंख्यालाई एउटा भौगोलिक सीमाभित्र सीमित गर्न सकिँदैन । यसको कारण विश्वमा जता रोजगारी तथा व्यापारको अवसर छ, त्यता नै युवाको चाप बढ्ने गरेको छ । आप्रवासनबाट प्राप्त हुने विप्रेषण प्राय: देशका लागि प्राथमिक स्रोतको रुपमा रही आएको छ । विश्वमा सन् २०२२ मा अन्तर्राष्ट्रिय आप्रवासीहरुबाट ८३१ अर्ब अमेरिकी डलर विप्रेषण आर्जन भएको देखिन्छ । विश्व बजारमा आप्रवासीहरुको संख्या विभिन्न कालखण्डमा बढेर गएको छ ।

विश्वव्यापीकरणको कारण सन् १९७० को दशकमा विश्वको कुल जनसंख्याको २.३ प्रतिशत जनसंख्या मात्र आप्रवासनमा जाने गरेकामा सन् २०२४ मा आउँदा बढेको देखिन्छ । यसले विश्वव्यापीकरणपश्चात् विश्वका प्राय: सबै देशहरुबाट मानिसहरु आप्रवासनमा जाने प्रवृत्ति बढेको देखिन्छ । सन् २०२३ मा प्रकाशित विश्व आर्थिक फोरमको रिपोर्टअनुसार सन् २०२७ सम्म विश्वको बजार श्रमशक्तिको प्रवृत्ति परिवर्तन हुँदै जाने र वर्तमान श्रम बजार संरचनामा २३ प्रतिशत रोजगारी संशोधित परिवर्तन हुने र ४४ प्रतिशत विद्यमान सीप रोजगारीलाई प्रत्यक्ष प्रभाव पर्ने उल्लेख छ । यसले विश्व श्रम बजारमा आठ करोड ३० लाख जनसंख्यालाई प्रत्यक्ष प्रभाव पार्ने र नयाँ सीप भएका करिब छ करोड रोजगारी सिर्जना हुने पनि प्रक्षेपण गरिएको छ । यसले बजारमा थप अवसर र चुनौतीको सिर्जना गरेको छ ।

दक्षिण एसियाली मुलुकहरुबाट वैदेशिक रोजगारीमा जानेको संख्या अन्य क्षेत्रको तुलनामा बढी छ । यसमा नेपाल पनि उल्लेख्य छ । नेपाल सरकारले निषेध गरेको देशबाहेक जुनसुकै देशमा नेपालीहरु रोजगारीका लागि जानसक्ने व्यवस्था छ । हाल नेपाल सरकारले वैदेशिक रोजगारीका लागि एक सय ११ देशलाई स्वीकृति दिएको छ । यसबाट देशबाहिर रोजगारीमा जानेका लागि अवसरहरु बढ्दै गरेको देखिन्छ । प्राडा विश्वम्भर प्याकुरेलका अनुसार नेपालमा मध्यमस्तरको आर्थिक वृद्धि हुँदा पनि आर्थिक वृद्धि र रोजगारीबीच कुनै सम्बन्ध देखिँदैन । यो हुनुको प्रमुख कारण विशेष गरेर बढी रोजगारी प्रदान गर्ने निर्माण र कृषि क्षेत्रमा नभएर आर्थिक वृद्धि सेवा क्षेत्रमा सीमित भएकोले हो । तथ्याङ्कले के देखाउँछ भने एक प्रतिशत जिडिपी वृद्धि हुँदा सेवा क्षेत्रबाट मात्र ०.६१ प्रतिशत रोजगारी वृद्धि भएको छ । यसले नेपालमा रोजगारीको अभावलाई झनै बल्झाएको देखिन्छ । यसको कारण रोजगारीको खोजीमा वैदेशिक रोजगारीमा जानेको सख्या उल्लेख्य छ । अर्कातर्फ नेपालको अर्थतन्त्रको मह!वपूर्ण स्रोतको रुपमा रहेको विप्रेषणको विगत १० वर्षको औसत अवस्था हेर्दा कुल गार्हस्थ्य उत्पादनमा औसत अंश २३ प्रतिशत रहेको देखिन्छ ।

वैदेशिक रोजगारीबाट प्राप्त विप्रेषणले नेपालको आर्थिक संरचनालाई नयाँ आकार दिएको छ । यहाँबाट बाहिरिने आर्थिकरुपमा सक्रिय जनसंख्याले नेपालको विकासमा असर त गरेको छैन भन्ने कुरा सोचनीय बनेको छ । हुन त, नेपालको वैदेशिक रोजगारीको इतिहास त्यति पुरानो नभएता पनि आर्थिक उदारीकरण नीतिको अवलम्बनपश्चात् यो बढ्न थालेको देखिन्छ । सन् १९९० को दशकबाट तीव्र भई वैदेशिक रोजगार जाने क्रम पनि बढेको देखिन्छ । नेपालमा वार्षिक नौ लाख मानिसहरु रोजगारी खोजीको क्रममा रहेको देखिन्छ । अध्ययनअनुसार एक प्रतिशत आर्थिक वृद्धि हुँदा ०.३३ प्रतिशतले रोजगारी वृद्धि हुने गरेको देखिन्छ । तर नेपालको सवालमा रोजगारीको पर्याप्त मात्रामा सिर्जना हुन नसक्दा युवा रोजगारीको खोजीमा बिदेसिने गरेका छन् ।

वैदेशिक रोजगारीबाट देशमा विप्रेषण आएकोले आर्थिक क्षेत्रमा भरथेग पुगेको छ । खाडी मुलुकमा जाने नेपालीहरुबाट आउने विप्रेषण गाँस, बास र स्वास्थ्य उपचारजस्ता क्षेत्रमा खर्च हुँदा रेमिट्यान्स पुँजी निर्माणमा उपयोगी हुन सकेको छैन । तथापि, यो घरायसी आय र राष्ट्रिय जिडिपी वृद्धिका लागि प्रमुख स्रोत बनेको छ । यसले गर्दा रोजगारीको अवसर सिर्जना हुन नसक्दा फेरि पनि वैदेशिक रोजगारीमा जानेको संख्या बढ्ने गरेको छ । रेमिट्यान्सले देशमा वैदेशिक मुद्राको सञ्चिति बढाउँछ । यसबाट समग्र वित्तीय क्षेत्रको विस्तार भई आर्थिक विस्तारमा मद्दत पुऱ्याइरहेको छ । विप्रेषणले घर ायसी तहमा खाना, लत्ताकपडा, स्वास्थ्य हेरचाह र बालबालिकाको शिक्षाजस्ता अत्यावश्यक वस्तुहरुका लागि रकम उपलब्ध गराएर गरिबी घटाउन सहयोग गरेको देखिन्छ । घरायसी आय र आर्थिक वृद्धिका लागि विप्रेषण मह!वपूर्ण पक्ष बनेको छ भन्ने देखिन्छ ।

यद्यपि, पुँजी निर्माणमा यसको खासै उपयोगिता देखिएको छैन । कुल प्राप्त हुने रेमिट्यान्सको ७९ प्रतिशत उपभोगमा नै खर्च हुने गरेको अध्ययनले देखाएको छ । जब कि, प्राप्त भएको विप्रेषणको तीन प्रतिशत मात्र बचत हुने गरेको देखिन्छ । आर्थिक वृद्धिमा सकारात्मक योगदान दिने विप्रेषण अर्थतन्त्रको छोटो अवधिको समस्या समाधान गर्ने अवसर बनेको छ । विदेशी मद्राको प्रमुख स्रोत, आयातमा योगदान गर्दै राजस्व वृद्धि, गरिबी न्यूनीकरण, भुइँ तहका जनताको आधारभूत आवश्यकता परिपूर्ति, प्रतिव्यक्ति आय वृद्धि, शिक्षा, स्वास्थ्य, आवासमा लगानी वृद्धिद्वारा मानव पुँजी निर्माणमा सहयोगसिद्ध बनेको छ । तर पनि यो दीर्घकालीनरुपमा एउटै स्रोतमाथिको उच्चतमस्तरको निर्भरता मुलुकका लागि निकै जोखिमपूर्ण हुन्छ । विदेशी मुद्रा आर्जनको एकल स्रोतमाथिको निर्भरतालाई अर्थशास्त्रीय भाषामा डच डिजिज पनि भनिन्छ । यो तत्कालका लागि उपलब्धिमूलकजस्तो देखिएता पनि दिगो आर्थिक वृद्धि र विकासको दृष्टिले प्रत्युत्पादक बन्ने सम्भावना हुन्छ ।

पछिल्लो दुई दशकमा नेपालको अर्थतन्त्र न्यून आर्थिक वृद्धि र उच्च विप्रेषणको चपेटामा परेका छ । आन्तरिक रोजगारीका सीमित अवसर, वैदेशिक रोजगारीसँगै युवा पलायन, विप्रेषण आप्रवाहमाथिको अत्यधिक निर्भरताजस्ता समस्यासँग जुध्दै आएको छ । विप्रेषणमा मात्र धेरै भर पर्दा हामीले आन्तरिक उत्पादन बढाउनेतिर ध्यान दिन सकेको छैन । नेपालीहरुले विदेशबाट कमाएर ल्याएको रेमिट्यान्स फेरि विदेशी सामान आयातमै खर्च हुने गरेको देखिन्छ ।

सन् २००६ मा गौडेलले नेपालको सन्दर्भमा गरेको अध्ययनअनुसार विप्रेषण विकासोन्मुख राष्ट्रका लागि विदेशी मुद्राको मह!वपूर्ण स्रोत रहने गरेको औंल्याइएको छ । यो भुक्तानी सन्तुलन र चालू खाता बचतका लागिसमेत मह!वपूर्ण हुने अध्ययनको निचोड छ । नेपालबाट रोजगारीका लागि विदेश जाने धेरै युवाले आफ्नो परिवारलाई निकै मेहनत गरी विप्रेषण आर्जन गरी पठाउने गरेको उनको तर्क छ । यद्यपि, विप्रेषणको नकारात्मक पक्षले युवापुस्तालाई लामो समयसम्म परिवारबिना बाहिर बस्दा उनीहरुमा जोखिम बढ्ने गरेको र अन्तत: उनीहरुले आफ्नो मातृभूमि छोड्ने प्रवृत्ति बढेको निष्कर्ष रहेको छ । त्यसैगरी, नेपाल राष्ट्र बैंकले सन् २०२३ मा प्रकाशित प्रतिवेदनअनुसार विप्रेषणका रुपमा भित्रिएको र कममध्ये दैनिक उपभोगमा मात्र ५८.७८ प्रतिशत खर्च हुने गरेको देखिएको छ भने शिक्षा तथा स्वास्थ्य क्षेत्रमा २२.४८ प्रतिशत, ऋण तिर्न १०.७ प्रतिशत र मनोरञ्जन तथा अन्य क्षेत्रमा ८.६७ प्रतिशत खर्च गर्ने गरेको पाइएको छ । अध्ययनमा समेटिएका परिवारमध्ये ९६.६१ प्रतिशत परिवारको दैनिक उपभोग खर्च वैदेशिक रोजगारीमा जानुपूर्वको तुलनामा बढेको पाइएको छ । त्यस्तै, ९६.१ प्रतिशत परिवारको चाडपर्व, मनोरञ्जन, सामाजिक खर्चसमेत बढेको पाइएको छ ।

विदेशबाट पठाएको पैसा विभिन्न क्षेत्रमा लगानी भएको स्थिति समीक्षा गर्दा अनुत्पादक क्षेत्रमा नै बढी लगानी भएको देखिन्छ । व्यापार व्यवसायमा लगानी गर्ने ६८.२१ प्रतिशत, घर घडेरीमा लगानी गर्ने ६५.८ प्रतिशत र गर गहना खरिद गर्ने ६३.१९ प्रतिशत रहेको छ । समग्रमा विप्रेषणले अर्थतन्त्रमा खेल्ने भूमिकालाई लिएर केही विवाद छ । यसले कम विकसित देशहरुको विकासमा योगदान गर्दछ भन्ने पक्ष एकातर्फ छ भने अर्कातर्फ जनशक्ति बाहिरिँदा देशको विकासले फड्को मार्न सक्दैन भन्ने पक्ष पनि त्यत्तिकै छ । नेपालमा विप्रेषणबाट आर्जित आयका कारण दलाल अर्थतन्त्र अर्थात् उत्पादन नै नगरी कमाउने बिचौलिया अर्थतन्त्र फस्टाएको भन्ने गरिन्छ । वैदेशिक रोजगारीबाट प्राप्त भएका धेरैजसो विप्रेषण उपभोगमा मात्र खर्च गर्ने प्रवृत्तिका कारण देशको विकासमा योगदान गर्न सक्दैन भन्ने तर्क बलियो छ । अर्कातर्फ देशको युवा जनशक्ति बाहिरिँदा उत्पादन क्षेत्रमा सङ्कुचन आई उपभोग्य वस्तुहरु समेत बाहिरबाट नै आयात गर्ने अवस्था देखिन्छ । देशभित्र भित्रिएको विप्रेषणले फेरि पनि आयातलाई बढावा दिँदै आएकाले अर्थतन्त्रमा खासै योगदान गर्न सक्दैन भन्ने तर्क पनि छ । तथापि, विप्रेषण नेपाली अर्थतन्त्रका लागि अनिवार्य छ तर यो अर्थतन्त्रका लागि स्थायी स्रोत भने होइन ।

सरकारले श्रम आप्रवासीको रेकर्ड राख्न थालेदेखिको विवरण हेर्दा नेपाली कामदार सबैभन्दा बढी जाने गन्तव्य देशहरुमा मलेसिया, कतार, साउदी अरेबिया, युएई र कुवेत मुख्य रहेको देखिन्छ । नेपाल भित्रने मानिसहरुको प्रवेश बढ्यो भने जिडिपी बढ्छ, यसको विपरीत यदि जिडिपीमा आकार सानो छ भने जनसंख्याको आगमन पनि घट्छ । त्यसकारण नेपालमा आउने पर्यटक वा वैदेशिक रोजगारीबाट फर्केका मानिस र कुल गार्हस्थ्य उत्पादनबीच एकतर्फी सकारात्मक सम्बन्ध भएको देखिन्छ । विदेशी नेपाल आउँदा उनीहरुले गर्ने खर्चले कुल गार्हस्थ्य उत्पादनलाई बढाउन सहयोग गर्दै आएको छ । वैदेशिक रोजगारीबाट फर्कने नेपालीले पनि विदेशबाट केही पैसा, सीप र काम गर्ने बानी लिएर आउँछन् । त्यसपछि आर्जित रकम आर्थिक गतिविधिहरुमा लगानी गर्छन् र ती गतिविधिहरुबाट अर्थतन्त्रमा प्रभाव गर्दछ । यो नतिजाले विदेशबाट आउनेको संख्या जति बढी हुन्छ त्यति नै आर्थिक विकासको सम्भावना पनि बढ्छ भन्ने देखाएको छ । तसर्थ, विद्यमान अवस्थामा नेपाल भित्रने पर्यटक तथा वैदेशिक रोजगारीबाट फर्कने युवा दुवै पक्षले नेपालको अर्थतन्त्रलाई सकारात्मक प्रभाव पार्छ भन्ने देखियो । यदि देशको आर्थिक वृद्धिदर बढी वा घटी हुँदा वैदेशिक रोजगारीमा जाने मानिसमा प्रभाव पार्दछ भन्ने देखिन्छ । देशको जिडिपी बढ्दा देशमा रोजगारीको अवसर सिर्जना हुन्छ र रोजगारीका लागि बाहिरिने जनशक्तिमा कमी आउछ । यसरी देशका कुल गार्हस्थ्य उत्पादनले बिदेसिने मानिसको संख्या बढाउने वा घटाउने कार्यमा प्रभाव पार्ने गरेको देखाएको छ ।

*क्रमश: पृष्ठ-३....*

### संसद्मा विपक्षीको विरोध :

# अधिवेशनभर लम्बिन सक्छ रास्वपाको अवरोध

काठमाडौं/आइतबार प्रतिनिधिसभामा सवा ३ घण्टा निरन्तर वेल घेराउ र नारावाजी गरेका रास्वपाका सांसदहरू सोमबार केही फरक रुपमा प्रस्तुत भए । सोमबार प्रतिनिधिसभामा दुई वटा बैठक बसे । पहिलो बैठक ४ घण्टा ३२ मिनेट र दोस्रो बैठक ३७ मिनेट चल्यो । कुल ५ घण्टा ९ मिनेट बसेको बैठकमा रास्वपाका सांसदहरू पूरै अवधि वेलमा रहे । तर, आइतबारजस्तो निरन्तर नाराबाजी गरेनन् । सुरुमा एक घण्टा जति नाराबाजी गरेका उनीहरू त्यसपछि मौन रहे । बरु वेलमा मौन रहेका रास्वपाका सांसदहरूलाई बेला-बेला झस्काउन सत्तापक्षकै सांसदहरू अग्रसर भए ।



नेकपा माओवादी केन्द्रका उपमहासचिव समेत रहेका सांसद शक्तिबहादुर बस्नेत बजेटमाथि बोलिरहेका थिए । नेकपा एमालेका सांसद सुर्य थापाले नियमापत्ति गरेर झस्काए । सभामुखले समय दिएपछि एमाले सांसद थापाले प्रतिनिधिसभा नियमावलीको नियम २० मा सांसदले पालना गर्नुपर्ने व्यवस्था रहेको स्मरण गरे । जहाँ सभामा सांसदहरू मर्यादित हुनुपर्ने प्रावधान छ । नियमावलीअनुसार प्रतिनिधिसभाको बैठक मर्यादित रहेको महसुस आफूलाई नभएको भन्दै उनले प्रश्न गरे, 'हामी रत्नपार्कमा छौं कि शहीद गेटमा छौं कि, कलंकीमा छौं कि पोखरा चिप्लेढुंगामा छौं, मैले बुझ्न पाइनँ, बुझ्न सकिनँ ।'

वेलमा पलैँटी कसेर बसिरहेका रास्वपाका सांसदहरू एमाले सांसद सुर्य थापाले नियमापत्ति गरेपछि जन्याकजुरुक उठेर नारा लगाउन थाले- 'हाम्रो आन्दोलन जारी छ, मानव तस्करलाई कारबाही गर, गृहमन्त्री राजीनामा दे, मानव तस्करलाई संरक्षण बन्द गर, झुटो कति बोलेको ? जनताले छ सुनेको, 'फासफुस सम्झौता चाहिँदैन । चाहिँदैन, चाहिँदैन ।' नारा लगाइरहेका रास्वपा सांसदहरुतर्फ इंगित गर्दै एमाले सांसद थापाले भने, 'माननीय सदस्यहरुका कुर्सी रोइरहेका छन्, कुर्सीले माननीय सदस्यहरु भेट्न पाइरहेका छैनन् ।' एमाले सांसद थापाले रास्वपाका सांसदहरूलाई उत्तेजित बनाउन खोजेका थिए । तर, थापा बसेपछि रास्वपाका सांसदहरू फेरि मौन रहे ।

रोष्ट्रममा सांसदहरू बजेटमाथि धारणा राख्न जान्थे । रास्वपा सांसदहरू वेलमा मौन रहन्थे । यस्तोमा केही मोबाइल चलाइरहेका थिए भने कोही सांसदका अभिव्यक्ति ध्यानपूर्वक सुनिरहेका थिए । यस्तैमा रास्वपा सांसद सुमना श्रेष्ठ केही फरक देखिइन् । उनी वेलमा पलैँटी कसेर बस्दा योगासनमा बसिन् । आँखा चिम्लेर केही ध्यान गरे जस्तो गर्दै उनले संसद्रुमा विरोध जनाइन् । सांसद श्रेष्ठ योग आसनमा झैँ वेलमा बसिरहेको देखेपछि नेकपा एमालेका सांसद दामोदर पौडेल बैरागीले नियमापत्ति गरे- 'वेलमा पलैँटी कसेर बस्न पाइँदैन' भन्दै । मौन रहेका बेला नियमापत्ति आएलगत्तै रास्वपाका सांसदहरू फेरि उठे र नारावाजी थाले । एमाले सांसद पौडेलले पनि आृनो नियमापत्ति के हो भनेर राखे ।

प्रतिनिधिसभा नियमावलीको नियम २० को साहारा लिएर नियमापत्ति गरेका पौडेलले पलैँटी कसेर बसेर विरोध गर्ने शैली संसदीय अभ्यासमा नरहेको र नियमावलीले यस्तो कल्पना नगरेको तर्क प्रस्तुत गरे । 'कसैले विरोध गर्न पर्‍यो भने उभिएर विरोध गर्नुपर्ने हाम्रो परम्परा छ । नियमावलीमा पनि यही व्यवस्था छ । तर, सम्माननीय सभामुखको ड्यासतर्फ, सभामुखको आसनतर्फ चप्पल, जुत्ता खोलेर ध्यान गरे जस्तो गरेर विरोध गर्ने यो संसदीय मर्यादा भएन', एमाले सांसद पौडेलले भने ।

जवाफमा सभामुख देवराज घिमिरेले संसदीय मर्यादा कायम गर्नका लागि सबैले भूमिका खेल्नुपर्ने आग्रह गरे । त्यसपछि पौडेल आृनो कुर्सीमा बसे । रास्वपाका सांसदहरू पनि नारा लगाउन छाडेर वेलमै बसे । बजेटमाथि सामान्य छलफलमा सांसदहरूले बोल्नेक्रम सकियो । सभामुख देवराज घिमिरेले छलफलमा उठेका प्रश्नको जवाफ दिन अर्थमन्त्री विष्णु पौडेललाई समय दिए । लगत्तै, रास्वपाका सांसदहरू जन्याकजुरुक उठे र नारावाजी गर्न थाले ।

रास्वपाका सांसदहरूको नाराबाजीकाबीच अर्थमन्त्री पौडेलले जवाफ दिन सुरु गरे । तर, रास्वपाका सांसदहरूको नारावाजीले अर्थमन्त्रीको जवाफ आसनमै रहेका सांसदहरूले सहज रुपमा सुन्न सकेनन् । त्यसपछि कांग्रेसकी सचेतक शुशिला थिङले रास्वपा सांसदहरूको नारामै नियमापत्ति गरिन् । सभामुखले समय दिएपछि सचेतक थिङले भनिन्, 'आपत्तिजनक शब्दहरू यहाँ मानव तस्करीको कुराहरू उठ्यो । बोल्ने वक्ताले बोलिरहेको बेलामा अवरोध गर्ने कुराहरू उठ्यो । मानव तस्करी भनेर कसलाई भन्न खोजेको हो ?' जवाफमा सभामुख घिमिरेले ध्यानाकर्षण भएको बताए ।

'माननीय सदस्यले ध्यानाकर्षण गराउनुभएको कुरामा ध्यानाकर्षण भएको छ', सभामुख घिमिरेले भने, 'संसदभित्र गरिने गतिविधिहरू मर्यादित, जिम्मेवारपूर्ण उत्तरदायीपूर्ण हुनुपर्छ भन्ने कुरामा ध्यानाकर्षण गराउन चाहन्छु ।' तथापि, रास्वपा सांसदहरूको नारा रोकिएन । रास्वपाका सांसदहरू डेग चलेनन् । किनभने, उनीहरू जति समय चल्छ त्यतिन्जेल वेलमा बस्ने र मन्त्री बोल्दा अनिवार्य नारावाजी गर्ने नीतिसहित वेलमा उपस्थित थिए । 'मानव तस्करीलाई कारबाही गर, गृहमन्त्री राजीनामा दे' जस्ता नारामार्फत रास्वपाले गृहमन्त्री रहेका रमेश लेखकमाथि प्रश्न उठाएको सांसदहरूले नबुझ्ने कुरै भएन । यसको प्रतिवाद गर्दै कांग्रेसकी सचेतक थिङले त्यसको परिभाषा के हो भनेर प्रश्न गरिन् ।

रास्वपाबाट प्रतिनिधि सभा सदस्यमा निर्वाचित सदस्य इन्दिरा राना उपसभामुख छिन् । रानाले केही युवालाई विदेश पठाउन लागेको भनेर विगतमा संसद्मै प्रश्न उठेको थियो । त्यसतर्फ संकेत गर्दै थिङले भनिन्, 'मानव तस्करीको परिभाषा कसरी पूरा गर्ने हो ? र पाँच/पाँच जना व्यक्तिलाई हस्ताक्षर गराएर विदेश पठाएको मानव तस्करी हो कि कुन विषयको मानव तस्करी हो त्यो कुरामा स्पष्ट पारियोस् ।' रास्वपाले त्यही जवाफ दिने कुरा थिएन । उल्टै उनीहरूले 'मानव तस्करलाई कारबाही गर'को नारा चर्काए ।

सभामुखले जवाफलाई निरन्तरता दिन अर्थमन्त्रीलाई आग्रह गरे । अर्थमन्त्री पौडेल अगाडि बढे । सभामुखले पनि वेल घेराउ र नारावाजीलाई वेवास्ता गर्दै सभालाई कार्यसूचीअनुसार अगाडि बढाए । विनियोजन विधेयकमाथि विचार गरियोस् भन्ने प्रस्तावमाथि छलफल गर्न सभामुखले अर्को बैठक राखे । साँझ ५ बजेर २० मिनेटमा राखिएको दोस्रो बैठक समयमै सुरु भयो । दोस्रो बैठकमा सभामुखले रास्वपाको अवरोधलाई नदेखे झैँ गरेर अगाडि बढाए । पहिलो बैठकमा वेल घेराउ र नारावाजी गरेका रास्वपाका सांसदहरू दोस्रो बैठकमा पनि सुरु भए लगत्तै उठे । रास्वपाका सांसदहरू उठेकोतर्फ सभामुख देवराज घिमिरेले हेरे । तर, केही नबोली कार्यसूची अघि बढाए । त्यसपछि रास्वपाका सांसदहरू फेरि नारा लगाउँदै वेलमा आए ।

रास्वपाको नारावाजी र वेल घेराउलाई ख्याल नै नगरी सभामुखले रोष्ट्रममा उपप्रधान तथा अर्थमन्त्री विष्णु पौडेललाई बोलाए । अर्थमन्त्री पौडेलले 'विनियोजन विधेयकमाथि विचार गरियोस् भन्ने प्रस्ताव प्रस्तुत गरे । छलफलपछि विधेयकमाथि विचार गरियोस् भन्ने प्रस्ताव स्वीकृत भएको छ । सभामुख घिमिरेले यो प्रस्तावमाथि मत विभाजन गरेर हुन्छ र हुन्न भन्न लगाएका थिए । हुन्न भन्ने आवाज नसुनिएको भनेर सभामुखले सर्वसम्मत रुपमा पारित भएको घोषणा गरे । जबकि, रास्वपाका सांसदहरू वेल घेराउ र नारावाजीमा थिए ।

यसरी सत्तापक्ष आइतबार र सोमबार संसद्मा प्रस्तुत भएको रास्वपाको आगामी नीति के हो ? यो दल अब कहिलेसम्म यसैगरी अगाडि बढिरहन्छ ? यसमा रास्वपा सांसद शिशिर खनालको जवाफ छ, 'जहिलेसम्म भिजिट भिसा प्रकरणका संसदीय छानविन समिति वा उच्च स्तरीय न्यायिक आयोग गठन हुँदैन त्यतिबेलासम्म हाम्रो विरोध र अवरोध जारी रहन्छ ।' रास्वपा भिजिट भिसा प्रकरणमा संसदीय छानविन वा उच्चस्तरीय छानविन आयोग बन्नुपर्ने अडानमा छ । नैतिकताको आधारमा गृहमन्त्री रमेश लेखकले राजीनामा दिनुपर्ने माग पनि उनीहरूले राख्दै आएका छन् । यही माग राखेर गत जेठ १३ गतेदेखि प्रतिपक्षी दलहरूले प्रतिनिधिसभाको बैठक अवरोध गरेका थिए । तर, जेठ ३० गते सत्तापक्षसँग २ बुँदे सहमति गरेर माओवादी केन्द्र र नेकपा एकीकृत समाजवादी प्रतिनिधिसभाको कामकारबाहीमा सहभागी भएको छ । तर, रास्वपा भने आन्दोलनमै छ ।

माओवादीसँग सत्तापक्षले गरेको सहमति अनुसार सरकारले छानविन समिति वा अध्ययन समिति गठन गर्‍यो भने रास्वपाले वेल छोड्छ कि ? रास्वपाका सांसद खनाल यो प्रश्न पनि पन्छाउँछन् । उनी भन्छन्, 'हामीले संसदीय छानविन समिति वा उच्च स्तरीय आयोग गठनको माग राखेका छौं । गृह मन्त्रालयले गठन गर्ने कुनै प्रकारको संयन्त्रलाई मान्दैनौं ।' यसो हुँदा आन्दोलन वा अवरोध लम्बिन सक्छ नि ? यो प्रश्नमा खनालको प्रतिप्रश्न छ, 'कहिलेसम्म सरकार भाग्छ ? हामी जनताको मुद्दा निरन्तर उठाइरहन्छौं । आवश्यक परे पूरै अधिवेशनमा हामी वेलमै रहन्छौं ।' रास्वपाका नेताहरू आवशयक परे पूरै अधिवेशन अवरोधका लागि तयार भएर अगाडि बढेका छन् ।

यसका निम्ति लामो समय संसद चल्दा उभिएर नारा लगाइरहन असहज हुन सक्ने भएकाले निरन्तर नारा लगाइरहने नीतिमा केही फरक व्यवहार गरिएको हो । यसो गर्दा दुई फाइदा हुने उनीहरूको बुझाइ छ ।

पहिलो : निरन्तर नारा नलगाउँदा शारिरिक थकान कम हुन्छ ।

दोस्रो : सांसद बोल्दा नारा नलगाउँदा सांसदसँगै द्वन्द्व कम हुन्छ ।

आफूहरूको माग सरकारसँग रहेकाले सांसदसँग द्वन्द्व नगर्ने उनीहरूको नीति छ । यस्तो नीतिबारे सोमबार बिहान बसेको रास्वपा संसदीय दलको अनौपचारिक बैठकमा कार्यवाहक प्रवक्ता डीपी अर्यालले ब्रिफिङ गरेका थिए । 'हाम्रो माग सरकारसँग हो । यसकारण बैठक सुरु भएको केहीबेर नारा लगाऔं । त्यसपछि सांसद बोल्दा मौन बसौं र मन्त्री बोल्दा फेरि नारा लगाऔं', उपसभापति अर्यालको ब्रिफिङ थियो । यही अनुसार उनीहरू सोमबार संसद्मा प्रस्तुत भए ।

रास्वपाका सांसदहरू संसद्रु बैठक अगाडि अनौपचारिक छलफलमा जुट्ने गरेका छन् । जहाँ त्यस दिनको सभामा के गर्ने भन्ने तय गरिन्छ । रास्वपाका सांसद हरि ढकालका अनुसार जेठ १३ गतेदेखि जेठ ३० गतेसम्म अवरोध गर्दा माओवादी सहितका दलहरू थिए । त्यसबेला रास्वपाको मात्रै कुरा हुने थिएन । 'अहिले अवरोधमा हामी जस्तो मात्रै भएकाले अरुलाई सोधिरहन परेन । माग पूरा नभएसम्म आन्दोलन निरन्तर रहन्छ', ढकालको जवाफ छ ।

**देउवासाग भेटको प्रयास**

रास्वपाका नेताहरू र नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाबीच भेटको प्रयास भएको छ । यसका निम्ति सरकारको नेतृत्वकर्ता दल नेकपा एमाले र सभामुख देवराज घिमिरे नै लागि परेका छन् । यसअघि माओवादीसँग संसद्को अवरोध खुलाउन कांग्रेसले नेतृत्व गरेकाले रास्वपासँग पनि कांग्रेसले नै संवाद गरोस् भन्ने प्रधानमन्त्री केपी शर्मा ओलीको पनि चाहना छ', एमालेका एक नेता भन्छन्, 'त्यसअनुसार पहल पनि भइराखेको छ ।'

सभामुख घिमिरेले भने रास्वपाका नेताहरूसँग संवाद गरिरहेका छन् । सोमबार बिहान मात्रै पनि सभामुखले रास्वपाका उपसभापति डोल प्रसाद अर्याल र प्रमुख सचेतक सन्तोष परियारसँग भेटेका थिए । तर, संसद्को अवरोध खुलाउने विषयमा कुरा मिलेन । सभामुखले समेत रास्वपाका नेताहरूलाई कांग्रेस सभापति देउवासँग भेट गराउने पहल लिएका छन् । 'सभामुख समेतको पहलमा आजै कांग्रेस सभापतिसँग भेट्ने पहल भएको थियो । तर, सभापति देउवाले स्वास्थ्यको कारण देखाएकाले भेट हुन पाएन ।'

फेरि पनि सभामुख र रास्वपाका नेताहरूको भेटले मात्रै संसद्मा रास्वपाको अवरोध नखुल्ने प्रष्ट रहेको उल्लेख गर्दै ती नेता भन्छन्, 'संसद् अवरोधको पछिल्लो प्रकरणमा प्रधानमन्त्री विपक्षी दलसँग बस्नु भएको छैन । तर, शेरबहादुर देउवा विपक्षीसँग छलफलमा बसेकाले रास्वपासँग उनै बस्दा मिल्छ भने मिलोस् भन्ने छ ।' यसअघि माओवादी सहितका विपक्षी दलसँगको भेटमा कांग्रेसका तर्फबाट उपसभापति पूर्णबहादुर खड्का, महामन्त्री गगन थापा, नेता ज्ञानेन्द्र बहादुर कार्की खटिएका थिए । गृहमन्त्री रमेश लेखक स्वयं पनि विपक्षी दलसँगको भेटघाटमा सक्रिय थिए । रास्वपासँगको संवादमा कांग्रेसबाट यसअघि अग्रसर रहेकै नेताहरू संवादमा छन् । तर, कुरा मिलेको छैन । *(स्रोत: अनलाइनखबर)*

# 'सिटामोल'को 'झुम्का कानैमा' गीतमा सौगात र बेनिशाको ठुम्का



काठमाडौं/आगामी साउन २३ गतेबाट प्रदर्शनमा आउन लागेको फिल्म 'सिटामोल'को पहिलो गीत 'झुम्का कानैमा' सार्वजनिक गरिएको छ । सोमबार काठमाडौंमा एक कार्यक्रमका बीच सार्वजनिक उक्त गीतमा बाबुल गिरी र शान्तिश्री परियारको स्वर, बाबुल स्वयंको संगीत तथा गोविन्द भट्टको शब्द रचना छ । प्रेमिल भावना अभिव्यक्त भएको गीतमा गायन, शब्द र संगीतको संयोजन उत्कृष्ट छ ।

कविराज गहतराजको कोरियोग्राफीमा तयार भएको गीतको भिडियोमा फिल्मका मुख्य जोडी सौगात मल्ल र बेनिशा हमाल नृत्य गर्दै देखिएका छन् । उनीहरु पश्चिमेली पहिरनमा प्रस्तुत छन् । भिडियोमा प्रप्सको रुपमा प्रयोग गरिएको फूलको माला (सयपत्री) र पश्चिमेली पहिरनमा निर्माताले ठूलो खर्च गरेको देखिन्छ । त्यसले भिडियोलाई आकर्षक पनि बनाएको छ ।

गीत सार्वजनिक कार्यक्रममा निर्देशक राजबहादुर सानेले 'सिटामोल'ले आृनो करिअर बदल्ने दाबी गरे । उनले भने, 'यो हामीले एकदमै दु:खले बनाएको फिल्म हो । म दाबी गरेर भन्न सक्छु कि 'सिटामोल'ले मेरो करिअर बदलनेछ । मैले बनाएको अहिलेसम्मकै राम्रो फिल्म हो यो ।' 'सिटामोल'ले नेपाली समाजको यथार्थ कथालाई प्रस्तुत गरेको उनको भनाइ छ ।


निर्देशक साने र प्रदीप भारद्वाजको लेखन रहेको फिल्ममा सौगात र बेनिशासहित श्री कृष्ण निरौला, जानुका विश्वकर्मा, लोकेन्द्र लेखक,भुगोल कार्की, हिउँवाला गौतम, सुशील पोखरेल, दिनेश रेग्मी, आरआर खड्का, ज्ञानु मल्ल, पवन भट्टराई, काजल भुजेल, बाल कलाकारहरु करण नेपाली र आराध्या राज्यलक्ष्मी डिसी लगायतको अभिनय छ ।

सिमोस सुनुवारको प्रस्तुति रहेको फिल्ममा भुगोल कुमार कार्की र विकाश राज जोशी निर्माता तथा अप्सरा नेपाली, अजय मल्ल र कुमार केसी कार्यकारी निर्माता तथा गंगाराम श्रेष्ठ सह-निर्मातामा छन् । यसमा दिव्यराज सुवेदीको छायांकन, बाबुल गिरीको संगीत, कविराज गहतराजको कोरियोग्राफी, बन्दे प्रसादको सम्पादन तथा देव महर्जन र शंकर महर्जनको द्वन्द्व निर्देशन रहेको छ ।

# २५ लाखको फिल्म गर्दै अनमोल !

काठमाडौं/नेपालका महंगो अभिनेतामध्ये एक हुन्, अनमोल केसी । फिल्म 'फर्की फर्की'मा उनलाई ५० लाख पारिश्रमिक तिरेको प्रमाण निर्माताले नै सार्वजनिक गरेका थिए । एउटै फिल्ममा ५० लाख लिने उनी नै पहिलो नेपाली कलाकार हुन् । उनी जति महंगो पारिश्रमिक लिन्छन्, त्यतिकै महंगो बजेटमा बन्छन् उनका फिल्म पनि । उनका पछिल्ला हरेक फिल्मको लागत ३ करोडमाथि छ ।

तर, अब अनमोलले करिअरकै सस्तो बजेटको फिल्ममा काम गर्ने भएका छन् । त्यो फिल्म हो, 'बाटुलो जून' । चलचित्र विकास बोर्डमा यो फिल्म दर्ता गर्दा बजेट २५ लाख उल्लेख गरिएको छ । त्यसो त फिल्मको लागत कम देखाउन प्राय: निर्माताले बोर्डमा अनुमानितभन्दा आधा कम बजेट राख्ने गरेका छन् । जसले गर्दा फिल्म रिलिजपछि थोरै आम्दानीमा 'हिट' घोषणा गर्न सहज हुन्छ ।



'बाटुलो जून'को बजेट बोर्डमा २५ लाख उल्लेख गरिए पनि छायांकनमा ५५-६० लाख खर्च हुनसक्ने अनुमान निर्माण पक्षले गरेको स्रोत बताउँछ । यति कम लागतमै यो फिल्म बन्न सक्ने केही आधार छन् । पहिलो, अनमोलले पारिश्रमिक नलिइ काम गर्दैछन् । दोस्रो, निर्देशन र अभिनय गर्न लागेका भुवन केसीले पनि पारिश्रमिक लिने छैनन् । झण्डै एक करोड बजेट यसबाटै जोगिएको छ ।

भुवन स्वयंले निर्देशन गर्न लागेको भए पनि 'बाटुलो जून' अनमोलको होम प्रोडक्सन कम्पनी 'सुपर काजल फिल्म्स'बाट निर्माण हुन लागेको होइन । बोर्डमा सनराइज पिक्चर्सबाट फिल्म दर्ता गरिएको छ । निर्मातामा जिया केसीको नाम छ । बुझिए अनुसार फिल्मको सम्पूर्ण आर्थिक भार जियाले उठाउँदैछिन् । जिया तिनै हो, जो लामो समयदेखि भुवनसँग 'लिभिङ रिलेसनसिप'मा छिन् ।

'बाटुलो जून'मा अनमोल गाउँले भूमिकामा देखिने जनाइएको छ । त्यसका लागि उनले जुँगा पालेका छन् । यही असार दोस्रो साता मकवानपुरको चित्लाङमा फिल्मको पहिलो चरणको छायांकन गरिँदैछ । यसपछि अनमोलले 'जेरी अन टप'को गीत सकाएपछि दोस्रो चरणको छायांकन सुरु गरिने जनाइएको छ । 'बाटुलो जून'लाई यसै वर्षको अन्त्यसम्म रिलिज गर्ने योजनामा निर्माण पक्ष छ ।

# पाँडेलाई प्रश्न : बन्द भएको 'सक्किगो नि' अब कहिले आउँछ ?

काठमाडौं/चर्चित टिभी श्रृंखला 'सक्किगो नि' बन्द भएको ३ महिना पुगेको छ । सिरियलमा आबद्ध कलाकारले निर्माण गरेको फिल्म 'लाज शरणम्' रिलिज भएपछि उक्त चर्चित श्रृंखला बन्द हुन पुगेको थियो ।

त्यसयता, 'सक्किगो नि' आउँछ कि आउँदैन स्वयम आबद्ध कलाकारलाई पनि थाहा छैन । तर, दर्शक यो चर्चित सिरियललाई फर्किएको हेर्न अधैर्य छन् । 'लाज शरणम्' रिलिजअघि संचारकर्मीसँगको कुराकानीमा कलाकारले फिल्म र सिरियल सँगै अघि बढ्ने वाचा गरेका थिए ।

जब फिल्म रिलिज भयो, कलाकारको वाचा टिकेन । निर्देशक जिग्री ब्रो र बले केही दिनअघि मात्र अमेरिका घुमेर फर्किएका छन् । 'लाज शरणम्'का निर्माताले दोस्रो सिक्वेल आउने बताइसकेका छन् ।

यस्तोमा, 'सक्किगो नि'का निर्माता, निर्देशक तथा कलाकार मध्येका एक अर्जुन घिमिरे पाँडेलाई हामीले सोधेका थियौं- अब यो सिरियल पुन: दर्शकमाझ आउने सम्भावना छ कि छैन ? टेलिभिजन र एजेन्सीले विश्वास गरेमात्र श्रृंखला फर्किन सक्ने सम्भावना रहेको जवाफ उनले दिए । 'हामीले मात्र चाहेर हुँदैन । टिभी र एजेन्सीले चासो देखाए मात्र हुने सम्भावना छ' उनले भने, 'एजेन्सी र टिभी दुवैले अफोर्ड गर्न सक्नुपर्‍यो ।' टिभी र एजेन्सी पाइएको खण्डमा आफूहरू सिरियललाई फर्काउन तयार रहेको उनले बताए ।

'दर्शकले मनोरञ्जन लिइराखेको चीज हो । बन्द गर्ने भन्ने कुरा आउँदैन । युट्युबबाट भएपनि ल्याउँछौं' पाँडेले भने । पाँडेले 'लाज शरणम्'को दोस्रो श्रृंखला ल्याउनेबारे आफू अनविज्ञ रहेको बताए ।

# विप्रेषणमा टिकेको नेपाल...

हाल देशबाट दैनिक करिब १५०० को संख्यामा युवाहरु बहिरिरहेको भन्ने गरिन्छ । ती युवाहरुले पठाएको विप्रेषणले कुल गार्हस्थ्य उत्पादन विस्तारका लागि मह!वपूर्ण छ । विप्रेषणले समग्र आर्थिक विकासमा मात्र नभई गरिबी न्यूनीकरणमा समेत मह!वपूर्ण रहेको छ । आर्थिक वर्ष २०६०/६१ मा कुल विप्रेषण प्राप्त रकम ५८.६ अर्ब रहेकामा त्यतिबेला नेपालमा गरिबीको रेखामुनिको जनसंख्या ३०.९ प्रतिशत थियो । अर्कातर्फ सोही समयमा ३१.९ प्रतिशत घर परिवारले विदेशबाट विप्रेषण प्राप्त गरिरहेका थिए । त्यसैगरी, आर्थिक वर्ष २०८०/८१ मा कुल विप्रेषण आप्रवाह एक हजार १९१ अर्ब छ भने २० प्रतिशत जनता गरिबीको रेखामुनि छन् । विप्रेषण प्राप्त गर्ने घरपरिवारको तुलनामा प्राप्त नगर्ने परिवारहरु गरिबीमा फस्ने सम्भावना २.३ प्रतिशत बढी रहेको देखियो । विप्रेषण आप्रवाहमा १० प्रतिशत वृद्धि हुँदा नेपालमा १.१ प्रतिशतले गरिबी घट्ने गरेको भन्ने कुरा अध्ययनले देखाएको छ । यसरी हेर्दा नेपालको गरिबी घटाउनमा विप्रेषणको मह!वपूर्ण भूमिका रहेको देखिन्छ ।

त्यसैगरी, विप्रेषण साक्षरता बढाउनमा पनि उपयोगी भएको देखाएको छ । विप्रेषण प्राप्त गर्ने घरपरिवारमा साक्षरता दर उच्च भएको देखाउँछ । आर्थिक वर्ष २०६०/६१ को तथ्याङ्क हेर्दा विप्रेषण रकम ५८.६ अर्ब रहेको देखिन्छ भने साक्षरता दर ५१ प्रतिशतमात्रै रहेको छ भने आर्थिक वर्ष २०८१/८२ मा विप्रेषण बढ्दा साक्षरता दर पनि बढेर ७८ प्रतिशत पुग्यो । यसैगरी, विप्रेषणले स्वास्थ्यको पहुँच वृद्धि गरेसँगै पाँच वर्षमुनिका बालबालिकाको मृत्युदर घटाउन मद्दत गरेको पाइयो ।

वैदेशिक रोजगारीलाई सुरक्षित बनाउनका लागि नेपाल सरकारले विभिन्न देशहरुसँग श्रम सम्झौता गर्दै पनि आइरहेको छ । जसले गर्दा नेपालहरुका लागि रोजगारीको निम्ति थप देशहरु खुला हुँदै पनि छ । हाल नेपालीलाई बढी रोजगारी उपलब्ध गराउने पाँच देशहरु मलेसिया, कतार, साउदी अरेबिया, युएई र कुबेत रहेका छन् । यी देशहरुमा समेत कोभिड कारण रोजगारीको अवसर खुम्चिएकामा बिस्तारै पुन: बढ्न थालेको छ । वैदेशिक रोजगारी बढ्न थालेको सन्दर्भमा हाम्रा युवाहरुमा उच्च सीप व्यावसायिक तालिम प्रदान गरी थप दक्ष र सीपमूलक बनाउन आवश्यक छ । त्यस दिशामा नेपाल सरकारको ध्यान जानुपर्दछ । अध्ययनले नेपालमा आउने र नेपालबाट बाहिरिने दुवै पक्ष अर्थतन्त्रको लागि मह!वपूर्ण रहेको छ । तर, लामो समयसम्म वैदेशिक रोजगारीमाथिको निर्भरता हाम्रो लागि दीर्घकालीन हितमा छैन ।

वैदेशिक रोजगारीबाट प्राप्त विप्रेषणले नेपालको विद्यमान आर्थिक अवस्थालाई कमजोर हुन नदिन सञ्जीवनीको काम गर्दै आएको छ । देशमा पर्याप्त मात्रामा रोजगारीको सिर्जना हुन नसकिरहेको अवस्थामा वैदेशिक रोजगारी नेपालको हकमा अपरिहार्य भएको छ । देशभित्र नै रोजगारी सिर्जना गर्नु भनेको मजबुत अर्थतन्त्र र विकासका लागि प्रस्थान विन्दु हो । तर, रोजगारीको अवसर देशभित्र पर्याप्त मात्रामा नहुँदा वैदेशिक रोजगारी एकमात्र विकल्प बनेको छ । कोभिड महामारीपछि पुनर्बहालीको अवस्था, विश्वव्यापी श्रम बजारमा आएको आमूल परिवर्तन, आर्टिफिसियल इन्टिलिजेन्स (एआई)ले उत्पन्न गरेको चुनौतीलाई समेत मध्यनजर गरी श्रमशक्ति प्रक्षेपण योजना बनाई रोजगारी सिर्जना गर्नुपर्ने अवस्था एकातिर छ भने अर्कातर्फ विदेशबाट प्राप्त विप्रेषणलाई उत्पादनमूलक क्षेत्रमा लगानी गर्नुपर्ने हुन्छ भने वैदेशिक रोजगारीमा जाने श्रमिकको दक्षता अभिवृद्धि गर्दै उच्च आम्दानी हुने स्थान र क्षेत्रमा केन्द्रीत गर्नुपर्दछ । वैदेशिक रोजगारमा जाने व्यक्तिलाई सामाजिक सुरक्षाको दायरामा ल्याउनुपर्छ भने आर्थिक कूटनीति र श्रम कूटनीतिको माध्यमबाट वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित र व्यवस्थित गर्नुपर्दछ । विप्रेषणलाई सही सदुपयोगका लागि वित्त तथा मौद्रिक नीतिका विभिन्न उपकरणको परिचालनद्वारा विप्रेषण औपचारिक माध्यमबाट भित्र्याउनुको साथै त्यसलाई पुँजी निर्माणमा खर्च गर्नुपर्दछ । यसो गर्न सकिएको खण्डमा वैदेशिक रोजगारीबाट प्राप्त विप्रेषणले देशको अर्थतन्त्रमा सकारात्मक भूमिका खेल्ने देखिन्छ । *(रासस)*

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

**Printer Shop**

*The complete office solution*

*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*

*tonerhouse_htd@yahoo.com*

# मनहरी गाउँपालिका नेतृत्वलाई एमालेको २१ बुँदे ध्यानाकर्षणपत्र

साझाकुरा संवाददाता

हेटौंडा, २ असार/नेकपा एमाले मनहरी गाउँकमिटीले मनहरी गाउँपालिका नेतृत्वलाई २१ बुँदे ध्यानाकर्षणपत्र बुझाएको छ । पार्टी अध्यक्ष नवीन सुवेदीको अगुवाइमा एमालेले मनहरी गाउँपालिका अध्यक्ष रञ्जन कालाखेतीलाई कार्यकक्षमै गएर ध्यानाकर्षणपत्र बुझाएको हो ।

ध्यानाकर्षण बुझाउने कार्यक्रममा एमाले जिल्ला सचिवालय सदस्य हेमलाल उप्रेती, जिल्ला सदस्य बीरेन्द्र डिसी, बिमला कार्की, प्रेस चौतारीका केन्द्रीय सदस्य तथा बागमती सहइन्चार्ज शिवकुमार काशी, नेकपा एमाले गाउँकमिटी उपाध्यक्ष बुद्धिराम मुक्तान, सचिव पोशकबाबु बिष्ट, उपसचिव अमृत बर्तौलासहित नेता कार्यकर्ता सहभागी थिए । ध्यानाकर्षणपत्रमा तत्कालीन समयमा एमाले नेतृत्वको स्थानीय सरकार हुँदा तय भएको पर्यटन विकाससम्बन्धी अबधारणालाई हालको नेतृत्वले हटाएर पालिकाको नाराबाटै पर्यटन शब्द गायव पारिएकोप्रति आपत्ति जनाइएको छ ।



मनहरी गाउँपालिकाको राजश्व घट्दो क्रममा रहेको, एमाले नेतृत्वको स्थानीय सरकार हुँदा सुरु भएका गौरवका आयोजनामा बजेट बिनियोजन नभएको जस्ता विषय छन् । ध्यानाकर्षणपत्रमा विद्यालय मर्ज गर्ने सन्दर्भ, शिक्षकलाई सरुवाको नाउँमा आतंकित बनाउने कार्य भएको लगायत विषय छन् । किसानको संस्थागत विकाससँगै कृषिसामग्री, रासायनिक मल, बीउविजन तथा कृषिऔजारमा उत्पादन र व्यावसायिकतामा आधारित रही पर्याप्त अनुदानको व्यवस्था गर्न माग गरिएको छ ।

त्यसैगरी शिक्षाक्षेत्रको सुधारका नाममा नियमित काम गरि रहेका शिक्षक, प्रधानाध्यापक तथा कर्मचारीलाई आतंकित बनाउने कार्य रोक्नका लागि अनुरोध गरिएको छ । किसानहरु कृषिकर्मबाट निरुत्साहित हुने र गाउँमै नबस्ने परिस्थिति निर्माण भएकाले स्थानीय सरकारको पहलमा उत्पादित अनाजको समर्थन मूल्य तोक्ने वातावरण बनाउनका लागि पनि स्थानीय सरकारको ध्यानाकर्षण गराइएको छ । सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने नागरिकलाई घरदैलोमै पुगेर सहज हिसावले भत्ता बितरणाका लागि आवश्यक सहजीकरण गर्न माग गरिएको छ ।

गाउँपालिकाभित्र रहेका अनौपचारिक क्षेत्रमा योगदान गरिरहेका श्रमिकको तथ्यांक संकलन गरी सामाजिक सुरक्षा कोषमा उनीहरुलाई आबद्ध गराउनका लागि आवश्यक बजेट व्यवस्थापन गरी उनीहरुको सीप विकास, तालिमसहित सामाजिक सुरक्षाको ग्यारेन्टी गर्नका लागि ध्यानाकर्षणपत्रमा उल्लेख गरिएको छ । बीमा सेवा पाउनेहरुको छनोटबिधि पारदर्शी बनाएर गरिवीको रेखामुनि रहेकालाई प्राथमिकता बनाउने कुरामा एमाले मनहरीले जोड दिएको छ ।

अध्यक्ष कप र उपाध्यक्ष कपको नाममा बिगतदेखि नै भइरहेका प्रतियोगिताहरुको प्रभावकारिताको पुन समिक्षा गरी यसलाई अझ व्यवस्थित गर्नुपर्ने र राष्ट्रपति रनिङ शिल्ड छनोट प्रतियोगितालाई समेत एकैपटक जोडेर पालिकास्तरीय खेलकुद महोत्सव सञ्चालन गर्नुपर्नेमा जोड दिइएको छ । योजनाको कार्यान्वयन गर्दा उपभोक्तामुखी भन्दा पनि निर्माण व्यवसायीमुखी हुने गरेको गुनासो आइरहेकामा त्यसलाई सच्याउनका लागि पनि स्थानीय सरकारको ध्यानाकर्षण गराइएको छ । मनहरी गाउँपालिकाभित्र रहेका सबै खानेपानी स्रोतको बेलाबेलामा जाँच गर्ने र उपचार गर्ने पद्धतिलाई अघि बढाउनुपर्नेमा जोड दिएको छ ।

# पीएचडी गर्नेलाई शतप्रतिशत छात्रवृत्तिसँगै मासिक २० हजार भत्ता



साझाकुरा संवाददाता

हेटौंडा, २ असार/मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालयले स्नातकोत्तर र विद्यावारिधि तहका लागि भर्ना आवेदन खुलाएको छ ।

आगामी नोभेम्बरको लागि विश्वविद्यालयले अप्लाइड साइन्स संकायअन्तर्गत आवेदन माग गरेको हो । विद्यावारिधि (पीएचडी) तहका लागि आर्टिफिसिएल इन्टेलिजेन्स (एआई), अर्गानिक एग्रिकल्चर, फरेस्ट बायोमटेरियल साइन्स एन्ड इन्जिनियरिङ, सस्टिनेबल एन्ड रेजिलियन्स इन्फ्रास्ट्रक्चर गरी चार विधामा आवेदन खुलाइएको हो । यस्तै स्नातकोत्तर तहमा अर्गानिक एग्रिकल्चर, फरेस्ट बायोमटेरियल साइन्स एन्ड इन्जिनियरिङ, सस्टिनेबल एन्ड रेजिलियन्स इन्फ्रास्ट्रक्चर गरी तीन विधामा आवेदन खुलेको हो ।

विद्यावारिधिअन्तर्गत प्रत्येक विधामा २/२ जना र स्नातकोत्तरमा १६/१६ जनाको आरक्षणमा आवेदन माग गरिएको विश्वविद्यालयका उपप्राध्यापक एवम् जनसम्पर्क संयोजक डा. राजीव सुब्बाले जानकारी दिए । विश्व विद्यालयमा अध्ययन गर्न चाहने विद्यार्थीले ४ जुलाई (असार २० गते) सम्ममा आवेदन दिन सक्नेछन् । आवेदन दिने विद्यार्थीमध्येबाट लिखित परीक्षा, अनुसन्धानपत्र र अर्न्तवार्ताका आधारमा छनोट गरिने उनले जानकारी दिएका छन् ।

स्नातकोत्तर तहमा एक सेमेस्टरको ७५ हजार रुपैयाँ शुल्क तोकिएको छ भने विद्यार्थीका लागि छात्रवृत्ति र शैक्षिक भत्ताको समेत व्यवस्था गरिएको उनले बताए । स्नातकोत्तर तहमा भर्ना हुने विद्यार्थीलाई भने २५ देखि शत् प्रतिशत छात्रवृत्ति प्रदान गरिने उनको भनाई छ । जसमध्ये प्रत्येक विधाका दुई/दुई जना विद्यार्थीले सत्प्रतिशत छात्रवृत्तिसहित दुई वर्षका लागि मासिक १२ हजार रुपैयाँ शैक्षिक भत्ता पनि पाउँनेछन् । यस्तै विद्यावारिधि तहमा भर्ना हुने सबै विद्यार्थीलाई सत्प्रतिशत छात्रवृत्तिसहित तीन वर्षका लागि मासिक २० हजार रुपैयाँ शैक्षिक भत्ता प्रदान गर्ने विश्वविद्यालयले जनाएको छ ।

# लागुऔषध, इटालियन पेस्तोल र गोलीसहित राक्सिराङका स्याङतान पक्राउ



साझाकुरा संवाददाता

हेटौंडा, २ असार/ मकवानपुर प्रहरीले लागुऔषध, इटालियन पेस्तोल र गोलीसहित एकजनालाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा राक्सिराङ गाउँपालिका-१ बस्ने राजु स्याङ्तान रहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी प्रमुख विश्वराज खड्काले जानकारी दिएका छन् । स्याङतानलाई सोमबार पत्रकार सम्मेलनमार्फत सार्वजनिक गरेको हो । स्याङ्तानलाई उनकै घरबाट गत जेठ ३१ गते लागुऔषध तथा हातहतियार लुकाई छिपाई राखेको अवस्थामा पक्राउ गरिएको खड्काले जानकारी दिएका छन् ।

लागुऔषध बरामदका लागि राक्सीराङ पुगेको प्रहरीटोलीले अवैध लागुऔषध अफिम र गाँजा सहित ३ थान पेस्तोल, दुईवटा म्यागजिन र त्यसमा लाग्ने ३० राउण्ड गोली बरामद गरी आपराधिक पृष्ठभूमिका ५० वर्षीय स्याङ्तानलाई पक्राउ गरेको हो । अबैद्यलागुऔषध रहेको सूचनाको आधारमा १० जना प्रहरी उनको घर पुगेको थियो । प्रहरीले स्याङ्तानको सुत्ने कोठामा सिरानीमुनी कपडामा बेरेर राखेको अवस्थामा दुईथान पेस्तोल र १८ राउण्ड गोली बरामद गरेको हो ।

यस्तै स्याङतानकै घर नजिक चन्द्रलाल मोक्तानको बारीमा रहेको रुखको फेदमा सेतो बोराको झोलामा बेरिएको अवस्थामा घरेलु कट्टुवा पेस्तोल एक थान, पाँच राउन्ड गोलीसहित दुईवटा पोकामा एक किलो ४ सय ८० ग्राम अफिम र २२ किलो ८ सय ग्राम गाँजा समेत प्रहरीले बरामद गरेको छ । लागुऔषध सहित स्याङ्तानलाई नियन्त्रणमा लिनेक्रममा स्थानीयले अवरोध गरेपछि प्रहरी र स्थानीयबीच झडप हुँदा प्रहरीले १० राउण्ड हवाई फायर गरेको प्रहरी उपरीक्षक खड्काले बताए ।

प्रहरी उपरीक्षक खड्काको नेतृत्वमा थप ४० जनाको प्रहरी टोली गाउँ पुगेर पक्राउ परेका स्याङ्तान सहित बरामद हतियार र लागुऔषध प्रहरी कार्यालयमा ल्याइएको हो । प्रहरीका अनुसार स्याङ्तानले २०७१ सालमा लागूऔषध मुद्दामा दुईवर्ष कैद सजाय भोगिसकेका थिए । उनी २०७६ साउन ४ गते पुन: लागूऔषध तथा हातहतियार मुद्दामा पक्राउ परी ५ वर्ष ६ महिना कैदसजाय काटेर २०८१ माघ महिनामा जेलमुक्त भएका थिए । स्याङतानविरुद्ध प्रहरीले जिल्ला अदालत मकवानपुरबाट लागुऔषध तथा हातहतियार खरखजानासम्बन्धी कसुरमा सातदिन म्याद अनुमति लिई अनुसन्धान गरिरहेको छ ।

# जुईना खोलामा माछा भुरा छाडियो



साझाकुरा संवाददाता

हेटौंडा, २ असार/शिक्षा तालिम तथा सामुदायिक सेवा नेपाल (इटिएससी) हेटौंडा-१५ को सहकार्यमा बकैया गाउँपालिका-६, जुईना खोलामा माछा भुरा छाड्ने काम गरिएको छ ।

वडाअध्यक्ष फूलमान भोम्जनको प्रमुखआतिथ्यमा जुईनाखोला तथा विभिन्न पोखरीमा माछा भुरा हालिएको हो ।

कार्यक्रम संयोजक जगदीश अधिकारीका अनुसार जुईना खोलामा २० हजार, पोखरीमा ३० हजार र बायोफ्लेक प्रविधिमा २ हजार १ सय माछा भुरा राखिएको छ । विगतमा पनि खोलामा ५ हजार र पोखरीमा १६ हजार भुरा हालिएको थियो ।

अध्यक्ष भोम्जनले माझी समुदायको परम्परा, संस्कृति र जीविकोपार्जनको संरक्षणका लागि यस्तो कार्यक्रम आवश्यक रहेको बताएका छन् ।

खोलामा बिषादि हाल्ने, करेन्ट लगाएर माछा मार्ने जस्ता अवैध क्रियाकलाप रोक्न कानुनी कठोरता अपनाउनुपर्ने उनको भनाई छ । अध्यक्ष भोम्जनले परम्परागत माछा पालनलाई पुनर्जीवित गर्दै वडा नं. ६ लाई पर्यटकीय गन्तव्य बनाउन सकिने विश्वास व्यक्त गरेका छन् ।

संस्थाका संयोजक अधिकारीले पछिल्ला दुई वर्षदेखि यो कार्यक्रम सञ्चालन हुँदै आएको र वडा नं. ६ बाहेक वडा नं. ३, ७, ८ र ९ मा पनि यस्तो कार्यक्रम विस्तार गरिएको जानकारी दिएका छन् । कार्यक्रममा विभिन्न जनप्रतिनिधि र स्थानीय अगुवाको उल्लेख्य उपस्थिति रहेको थियो ।

# मातृभूमि साकोसको वार्षिकोत्सव सम्पन्न

साझाकुरा संवाददाता

हेटौंडा, २ असार/ हेटौंडा-४ मा रहेको मातुभूमि बचत तथा ऋण सहकारी संस्था लि.को १७ औं वार्षिकोत्सव भव्यरुपमा मनाइएको छ ।

संस्थाका संस्थापक अध्यक्ष बिनोदचन्द्र कोईरालाको प्रमुख आतित्थ्यमा भएको कार्यक्रममा संस्थाको दर्ताकालका पदाधिकारी लगायत हालसम्मका सञ्चालक समितिको अथक प्रयासबाट संस्था यहाँसम्म आइपुगेकोमा सबैप्रति आभार ब्यक्त गरेका थिए । कोईरालाले सहकारीको सिद्वान्तबमोजिम संस्था नचल्दा आर्थिक अपचलन भई कयौं सहकारीहरु भाग्नु पर्दा गरिवको छाक काटेर बचत गरेको रकम डुबेको बताए ।





संस्थाका अध्यक्ष नारायण लम्सालको सभाध्यक्षतामा भएको कार्यक्रममा संस्थाको शेयरसदस्य हालसम्म ७ सय ४७ पुगेको र आगामी वर्ष १ हजार पुऱ्याउने लक्ष्य राखिएको बताए । संस्थाले हालसम्म ४ करोड ४३ लाख २० हजार ऋण लगानी गरेकोमा चालु आवमा ४ करोड ५५ लाख ४२ हजार ९ सय १२ रुपैयाँको कारोवार गरेको लम्सालले जानकारी गराए । संस्थाका उपाध्यक्ष रामहरि तिमल्सिनाका अनुसार आर्थिकमन्दीका कारण ऋण असुलीमा केही ढिलाई भएकोले मन्दीको प्रभाव सहकारी संस्थाहरुमा पनि परेको बताए ।

कार्यक्रममा संस्थाका सचिव घनश्याम नेपालले चरम आर्थिकमन्दीको आवस्थामा पनि सहकारीको प्रगतिको अवस्था सन्तोषजनक देखिएकोले शेयरसदस्य र बचतकर्ताको आकर्षण बढेको बताए । कार्यक्रममा सहकारीका कार्यसमिति सदस्य कालु घलान र व्यवस्थापक गुणनिधि श्रेष्ठलगायतले सहकारीको प्रगति बिवरण सुनाएका थिए ।

त्रिदेशीय टी-२०आई शृंखला :

# नेपाल नेदरल्याण्ड्ससँग तेस्रो सुपर ओभरमा पराजित

साझाकुरा संवाददाता

हेटौंडा, २ असार/ स्कटल्याण्डमा जारी त्रिदेशीय टी-२०आई शृंखलाअन्तर्गत आफ्नो पहिलो खेलमा नेपाल पराजित भएको छ । नेपाल नेदरल्याण्ड्ससँग तेस्रो सुपर ओभरमा पराजित भएको हो ।

निर्धारित २० ओभरको खेल टाइ भएपछि त्यसपछिका दुई सुपर ओभर पनि टाइ भएको थियो । तेस्रो सुपर ओभरमा भने नेदरल्याण्ड्सले बाजी मारेको हो । पहिलो सुपर ओभरमा नेपालले १९ रन बनाएर २० रनको लक्ष्य दिँदा जवाफमा नेदरल्याण्ड्सले पनि १९ रन नै बनाएको थियो ।



दोस्रो सुपर ओभरमा पहिले ब्याटिङ गरेको नेदरल्याण्ड्सले १७ रन बनाएको थियो । जवाफमा नेपालले पनि १७ रन नै जोडेपछि खेल फेरि तेस्रोपटक सुपर ओभरमा गएको थियो ।

तेस्रो सुपर ओभरमा भने नेपालले रन नै जोड्न सकेन । पहिलो बलमै कप्तान रोहित पौडेल आउट भए भने रुपेश सिंह त्यसपछि दुई बल डट खेलेर चौथो बलमा आउट भए । १ रनको लक्ष्य नेदरल्याण्ड्सले पहिलो बलमै छक्का प्रहार गरेर जित्यो ।

त्यसअघि निर्धारित २० ओभरको खेलमा १५३ रनको लक्ष्य पछ्याएको नेपालले पूरा २० ओभरमा ८ विकेट गुमाएर १५२ रन बनाएपछि स्कोर बराबर भएर खेल सुपर ओभरमा गएको थियो ।

कप्तान रोहित पौडेलले ३५ बलमा सर्वाधिक ४८ रन बनाएर फिनिस भने गर्न सकेका थिएनन् । कुशल भुर्तेलले ३४ रन बनाए ।

नेपाललाई अन्तिम ओभरमा १६ रन आवश्यक हुँदा सन्दीप लामिछाने र नन्दन यादव क्रिजमा थिए । सन्दीपले पहिलो बलमा २ रन लिए, दोस्रो बलमा १ रन लिएर नन्दनलाई स्ट्राइक दिए ।

तेस्रो बलमा नन्दनले चौका प्रहार गरे । चौथो र पाँचौं बलमा २-२ रन लिएर अन्तिम बलमा ५ रन आवश्यक हुँदा नन्दनले चौका प्रहार गरेका थिए ।

नेदरल्याण्ड्सका डानियल डोरामले ४ ओभरमा १४ रन मात्र दिएर ३ विकेट लिए । विक्रमजित सिंहले ४ ओभरमा ३० रन दिएर २ विकेट लिए । काइल क्लेइन, बेन फ्लेचर र जाच लायनले १-१ विकेट लिए । त्यसअघि टस हारेर पहिले ब्याटिङ गरेको नेदरल्याण्ड्सले २० ओभरमा ७ विकेट गुमाएर १५२ रन बनाउँदै नेपाललाई १५३ रनको लक्ष्य दिएको थियो ।

नेदरल्याण्ड्सका लागि तेजा निदामानुरुले सर्वाधिक ३५ रन बनाए भने विक्रमजित सिंहले ३० तथा साकिब जुलफिकरले अविजित २४ रन बनाए । ओपनर माइकल लेभिटले २० तथा म्याक्स ओ डाउडले १९ रन बनाए । जाच लायन काचेटले ११ रन बनाए ।

नेपालका लागि सन्दीप लामिछानेले ४ ओभरमा १८ रन दिएर ३ विकेट लिए । नन्दन यादवले २.५ ओभरमा १८ रन दिएर २ विकेट लिए । ललित राजवंशी र कुशल भुर्तेलले १-१ विकेट लिए ।

यस खेलमा नेपाली राष्ट्रिय क्रिकेट टोलीबाट टी-२० आईमा ब्याटर किरण ठगुन्ना र बलर रुपेश सिंहले डेब्यू गरेका छन् । यो नेपालको १००औं टी-२०आई खेल पनि हो ।

# खगेन्द्रप्रसाद सुवेदी सचिवमा बढुवा

काठमाडौं/नेपाल सरकारको सचिवमा खगेन्द्रप्रसाद सुवेदी बढुवा भएका छन् । महालेखा नियन्त्रक रघुराम विष्टले अनिवार्य अवकाश पाएपछि रिक्त स्थानमा सुवेदीलाई बढुवा गरेको हो ।

सोमबार साँझ बसेको मन्त्रिपरिषद् बैठकले उनलाई सचिवमा बढुवा गरेको एक मन्त्रीले जानकारी दिए । उनीसहित बढुवाका लागि सहसचिवद्वय डण्डुराज घिमिरे र कृष्णप्रसाद काप्रिको नाम सिफारिस भएको थियो ।

सुवेदी लोकसेवा आयोगमा कार्यरत सहसचिव हुन् । उनी ५८ वर्षे उमेर हदका कारण आगामी भदौ १८ गते अनिवार्य अवकाशमा जाँदैछन्

बाढी र पहिरोबाट जोगिऔं

बाढी र पहिरोबाट हुने जोखिमबाट सतर्क बनौ:

- सञ्चार माध्यमबाट मौसमको जानकारी प्राप्त गर्ने गरौं,
- बाढी वा पहिरोको उच्च जोखिम भएको क्षेत्रमा होसियारी अपनाऔं,
- आपतकालीन झोला (औषधि, टर्चलाइट, खानेकुरा र लुगाफाटा) तयार राखौं,
- बालबालिका, वृद्धवृद्धा र अपाङ्गता भएका व्यक्तिहरूलाई विशेष ध्यान दिऔं,
- बाढी पहिरो आएमा सुरक्षित स्थानतर्फ जाऔं,
- विजुलीका लाइन वा पोलबाट टाढा बसौं,
- बाढीको समयमा खोलानाला पार गर्दा सतर्कता अपनाऔं,
- अफवाह नफैलाऔं, सत्य सूचना मात्र आदान-प्रदान गरौं,
- घाइते वा जोखिममा परेका व्यक्तिको उद्धारमा सहयोग गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना